
शैक्षिक, प्रशासनिक र पर्यटकीय शहर
स्वच्छ, स्वस्थ र समुन्नत वीरेन्द्रनगर

# गन्तव्य वीरेन्द्रनगर





वीरेन्द्रनगर नगरपालिका सुर्खेत
कर्णाली प्रदेश, नेपाल

## परिचय

**वीरेन्द्रनगर नगरपालिका सुर्खेतको परिचयः**

कर्णाली प्रदेशको राजधानीका रुपमा रहेको यस वीरेन्द्रनगर नगरपालिकाको क्षेत्रफल २४५.०६ वर्ग कि.मि. र जम्मा १६ वडा रहेको छ । नेपालको राजधानी काठमाण्डौं देखि लगभग ६०० कि.मी. उत्तर पश्चिममा समुन्द्री सतहबाट लगभग ६६५ मी. मा अवस्थित यो नगरपालिकामा उत्तरमा महाभारत पर्वतको रानीमत्ता, रातानाङ्ला र दक्षिणमा चुरे पहाडको हर्रे, देउरालीका मनोरम पहाडद्वारा घेरिएको कचौरा आकारमा दक्षिण तर्फ ढल्किएको सानो, न धेरै जाडो हुने न धेरै गर्मी हुने सुन्दर उपत्यका पर्दछ । यहि उपत्यकालाई नै वीरेन्द्रनगरका रुपमा चिनिन्छ । यस नगरपालिकाको पूर्वमा चिंगाड गाउपालिकाको पाम्का र लेखवेसी नगरपालिकाको साटाखानी, पश्चिममा वराह गाउंपालिकाको हरिहरपुर, कुनाथरी, लेखगांउ पर्छ भने उत्तरमा दैलेख जिल्लाको गुरांस गाउ पालिकाको गोगनपानी र दक्षिणमा भेरी नदीका साथमा भेरी गंगा नगरपालिका रहेका छन् ।

२०६८ सालको जनगणना अनुसार यस नगरको कूल जनसंख्या १००४५८ रहेको छ । जसमा पुरुष ४८,७७१ र महिला ५१,६८७ रहेको छ भने घरधुरी संख्या २३,७१०, जनघनत्व ४१०.०७, गरिवि दर १४.३, साक्षरता दर ७९.६३ रहेको छ ।

साविकको वीरेन्द्रनगरलाई नेपालकै व्यवस्थीत गुरुयोजना भएको शहरका रुपमा चिनिएको यस वीरेन्द्रनगर आज कर्णाली प्रदेशको गेटवय वन्दै गर्दा तथा राज्यको पुर्नसंचना संगै वीरेन्द्रनगरले कर्णाली प्रदेशकै  शैक्षिक, प्रशासनिक, व्यापारिक केन्द्रका रुपमा रहंदै पर्यटकीय उजागर गर्ने थलोको रुपमा विकास हुने प्रशस्त संभावना बोकेर वसेको  छ ।

पर्यटकीय दृष्टिले सबैको ध्यान केन्द्रीत गर्न सक्ने १३ औं शताब्दी तिरको काँक्रेबिहार, मनोरम प्राकृतिक बुलबुले ताल,कर्णाली प्रदेशकै श्रद्धाकी देवी गंगाबाला देउतीबज्यैको मन्दिर,काठको प्रयोग नगरी ढुङ्गाबाट मात्र बनाईएको पौराणिक शिव मन्दिर, मनोरम सुर्खेत उपत्यका दर्शन स्थल गढी सिद्धपाइला, सक्केकाँडा, जर्बुटा डाँडा लगाएत अन्य महत्वपुर्ण धार्मीक एवं पर्यटकिय स्थलहरु रहेको कर्णाली प्रदेशको राजधानी वीरेन्द्रनगर पर्यटनका लागि एक पटक घुम्नै पर्ने पर्यटकिय गन्तव्य स्थलको रुपमा रहेको छ ।

**नेपालको राजधानीसाग वीरेन्द्रनगरको पहुँचः**

नेपालको राजधानी काठमाण्डौंको त्रिभुवन विमानस्थलबाट हरेक दिन बिहान बुद्ध एयरको विमानबाट सुर्खेतको वीरेन्द्रनगर विमानस्थलमा सोझै अवतरण गर्न सकिन्छ वा र ाजधानी काठमाण्डौंको नयाँ बसपार्कबाट दैनिक दिउँसो २ बजेदेखि ५ बजेसम्म सुविधाजनक बस चढेर सिधै सुर्खेतसम्म वा ७ नं. प्रदेशका लागि चल्ने जुनसुकै बस वा माइक्रोबस चढेर बाँकेको कोहलपुरसम्म र कोहलपुरबाट उत्तरतर्फ रहेको चिसापानी बर्दिया राष्ट्रिय निकुञ्जको प्रवेशद्वारबाट भित्रिंदै उत्तरको देउराली डाँडा र त्यहाँबाट ओरालो झरेर बबई नदी पार गरी उकालो चढेपछी अति मनमोहक बाह्रै महिना चिसो हावा चलिरहने हर्रेको डाँडामा पुगिन्छ । हर्रेको डाँडाबाट करिव १० कि.मी. ओरालो झरेपछी सुर्खेतको पूर्वी क्षेत्रको बजार छिन्चु हुँदै भेरी नदी तरेर वीरेन्द्रनगरसम्मको यात्रा पुरा गर्न सकिन्छ । यसरी हवाई यात्रामा करिव १ घण्टा ३० मिनेटमै काठमाण्डौंबाट वीरेन्द्रनगरसम्म पुग्न सकिन्छ भने गाडीको यात्रामा समेत सहजै १२ घण्टा भित्र वीरेन्द्रनगरको गन्तव्य पुरा गर्न सकिन्छ ।

## काँक्रेविहार, वीरेन्द्रनगर नगरपालिका वडा नं. ९ र १० सुर्खेत



पुरातात्विक महत्व, इतिहास र कलाकृतिको खुल्ला विश्वविद्यालय, सिंजा उपत्यकाका खस राजाहरुको इतिहास र धर्मको खोज-अनुसन्धानका दृष्टि । ऐतिहासिक पर्यटकीय स्थल काँक्रेविहार । "काँक्रेविहर" शब्दका सम्बन्धमा काँक्राको जस्तो भौगोलिक आकार रहेको र विहार भन्ने वित्तिकै घुमफिर वा विचरण गर्ने भन्ने शब्दलाई जनाउने हुँदा काँक्रा विहार हुँदै जाँदा काँक्रेविहार भएको भन्ने अनुमान लगाउने गरिएको छ ।

बाहौं शताब्दीमा निर्माण भएको, साठी फिट अग्लो काँक्रेविहार शिखर शैलीमा रहेको छ । पुरातत्व विभागले काँक्रेविहारको अवशेषका रुपमा रहेका ढङ्गाहरुलाई मिलाएर दुई चरणमा गरी चारैतिरबाट खुड्किलाहरुको पुनर्निर्माण गरेको छ । पुनर्निर्माण भएको स्थानको पूर्वदक्षिणमा एउटा सानो कोठा छ । मन्दिरमा बुद्धको जन्म, मायादेवी, बोधगया, सारनाथ लगायत बुद्धसँग सम्बन्धित थुप्रै घटना शब्दचित्रमा कुँदिएका छन् । शिव, पार्वती र सरस्वतिका मुर्तिहरु पनि पाइन्छन् । काँक्रेविहार वन क्षेत्रको प्रवेशद्वारमा थुप्रै बौद्धमार्गीले बसोवास गरेको पाइन्छ । हिन्दु धर्ममा आस्था राख्नेहरु पनि छन् । बौद्धमार्गीको रुपमा रहेका नेवारहरु, गुरुङहरुको पनि बस्ती नै छ । काँक्रेविहारमा बौद्धमार्गीहरुले बौद्ध स्तुपा, स्वयम्भूमा राख्ने गरेको बुद्धका उपदेशहरु लेखिएका कपडाका ध्वजाहरु राखिएका छन् । पछिल्लो समय वृद्धावृद्धादेखी बालबालिकासम्मको रोजाई बनेको छ ऐतिहासिक काँक्रेविहार । कर्णाली प्रदेशको राजधानी सुर्खेत बसपार्कबाट दक्षीण पूर्वमा अवस्थित काँक्रेविहार धार्मिक तथा पर्यटकीय स्थलको रुपमा परिचत छ । वीरेन्दनगर नगरपालिका-१० लाटिकोईलीमा पर्ने उक्त पर्यटकीय स्थल सुर्खेत बसपार्कबाट दक्षिणतर्फ करिब चार किलोमिटर दुरीमा अवस्थित छ । पैदलयात्रा गर्नेलाई करिब ४० मिनेट लाग्ने पनि सवारी भएकाहरु भने १३ मिनेटमै पुग्न सक्छन् । रत्न राजमार्गको मंगलगढी चोकबाट लाटीकोईलीतर्फ जाँदा  बाटो छेउमै पर्ने प्रख्यात धार्मिक स्थल शिव मन्दिर तथा गुम्बाहरुको मनोरम दृष्यावलोकन गर्ने अवसर पनि मिल्नेछ ।  लाटीको ईली डाँडामा अवस्थित शिव मन्दिरको दर्शन गर्दा मनले आँटेको कुरा पुग्ने जनविश्वास अझै उतिकै बलियो छ ।

सुर्खेत उपत्यकाको टापुमा रहेको उक्त धार्मिक तथा पर्यटकीय स्थलमा पुग्दा परापूर्वकालदेखि हातले कुँदिएका थुप्रै मुर्तिहरु पनि देख्न पाईने र मन्दिरको दर्शन समेत गर्न पाईन्छ । ती मुर्तिमा धार्मिक आस्था र विश्वास मात्र कुँदिएको छैन, बरु हाम्रो सभ्यता, संस्कृति तथा मुर्तिकलाको अनुपम नमुना खाँदेर राखिएको छ । गणेश, सरस्वति तथा जनावरहरुमा गाई सर्प तथा विभिन्न पशुपंक्षीहरुको प्रतिमा त्यसक्रममा देख्न पाइन्छ । जो परा पूर्वकालमा हातले कुँदिएका थिए । काँक्रेविहार मन्दिरका ढुगांहरु (बान्नो) समेत हातले कुंदिएका छन् । मन्दिर वरिपरि रहेका ती हातले कुँदिएका भगवानका मुर्तिहरुलाई दुई किसिमले हेर्ने गरेको पाइन्छ । कसैले यसलाई हस्तकलाको रुपमा लिन्छन् भने कसैले यी मुर्तिहरुलाई भगवानको उपमा पनि दिन्छन् । जे होस् प्रसिद्ध काँक्रेविहारले धार्मिक तथा पर्यटकीय क्षेत्रको रुपमा देशभर परिचय पाएको छ । कुल १७५.५० वर्गकिलोमिटरमा क्षेत्रफलमा फैलिएको काँक्रेविहार जंगलको बीच टापुमा छ । रमणीय र ऐतिहासिक महत्व बोकेको काँक्रेविहार मन्दिर तथा मुर्तिहरु उस्तै संरचनामा पुर्ननिर्माणको काम समेत भईहरको छ र भविष्यमा यसको केही भागलाई चिडियाखानाको रुपमा विकास गर्ने नगर गुरुयोजना रहेको छ ।

सम्पर्क व्यक्ति वा संस्था: १० नं. वडा अध्यक्ष श्री रत्नबहादुर बुढा ९८४८२०८२६४, वडा नं. ९ वडा अध्यक्ष श्री सुरेश माननन्धर ९८५८०५०३७९
भौतिक अवस्था: कुल १७५.५० वर्गकिलोमिटरमा क्षेत्रफलमा फैलिएको काँक्रेविहार जंगल, शिखर शैलिमा निर्माण भएको प्राचिन सभ्यताको स्तुपा, आकर्षक बुट्टा कुँदिएका ढुङ्गाहरु ।
सडकको अवस्था: पक्की सडक ।
अनुमानित समय: मंगलगढीबाट करिव ३ कि.मि. सवारी साधनमा १० मिनेट ।
अवलोकन गर्न लाग्ने समय: १ घण्टा ।
विशेष दिन र समय: दैनिकजसो घुमघाम र अवलोकन ।
सञ्चालन हुने गतिविधि: घुमघाम, अध्ययन, अवलोकन र अनुसन्धान ।

## बुलबुले ताल, वीरेन्द्रनगर नगरपालिका वडा नं. १० सुर्खेत



सुर्खेत बुलबुले ताल माया मै सानी हुनाले छुट्यो माया जाल । जमिन मुनीबाट बुलबुल गर्दै आउने पानीले यस तालको नाम बुलबुले रहन गएको हो । बुलबुले तालको सौन्दर्यता र यसको आकर्षणले गर्दा यस तालको नामबाट दर्जनौं गितहरु गाइएको छ । यो ताल २०२९ सालभन्दा पहिले तिलपुर, कुन्ठी, नयाँगाउँ, पातालगंगा क्षेत्रको सिँचाइका लागि प्रख्यात थियो । २०२९ सालदेखि बुलबुले तालको संरक्षण हुन थालेको हो । २०२९ सालमा तत्कालीन राजा वीरेन्द्र शाह सुर्खेत आएपछि तालको संरक्षण र प्रचारप्रचार भएको मानिन्छ ।

सुर्खेत जिल्लामा बाहिरबाट आउने आगन्तुकहरुको प्रमुख पर्यटकिय गन्तव्यको रुपमा बुलबुले ताल रहेको छ । साढे ३१ विघा क्षेत्रफलमा फैलिएको बुलबुले ताल अहिले कर्णाली प्रदेशकै प्रमुख पर्यटकीय गन्तव्य मध्ये पर्दछ । ताल समुन्द्र सतहबाट लगभग ६५७ मिटर को उचाइमा अवस्थित छ । प्रदेश राजधानीको मुख्य भागमा रहेको बुलबुले उद्यानमा पिकनिक क्षेत्र, डुंगा सवारी, रंगीन बगैचा, बाल उद्यान, सुन्दर फुलहरु, धार्मिक स्थल लगायतका संरचनाहरु रहेका छन् । बुलबुलेको मुख्य आकर्षण जमिन मुनिबाट बुलबुल भएर आउने पानी संकलन गरेर बनाइएका १० वटा (पाँचवटा महिलाको लागि र पाँचवटा पुरुषको लागि) धारा र पार्क हो । बुलबुलेमा पिपलपानी हाल्नका लागि जलकुण्ड समेत रहेको छ ।

ताल बाहेकको बाँकी भागमा विभिन्न फूल र रुख छन् । बुलबुले उद्यान्नमा वनभोज कार्यक्रमका लागि विभिन्न स्थल पनि व्यवस्थित गरिएको छ । शनिवार तथा अन्य बिदाका दिन सरकारी कर्मचारी, शिक्षक, विद्यार्थी र अन्य व्यक्तिले वनभोज खाई नाचगान गरेर रमाइलो पनि गर्ने गर्छन् । तालमा विभिन्न जातका माछा पनि पालिएका छन् । हाल पर्यटकीय स्थल बुलबुले उद्यानको गुरुयोजना तयार भएको छ । गुरुयोजना अनुसार हालको तालको क्षेत्रफल झण्डै दोब्बरले वृद्धि हुनेछ । त्यसका लागि हाल काम भइरहेको छ । करिब डेढ बिगाह क्षेत्रफलमा फैलिएको बुलबुले ताल गुरुयोजना अनुसार अब साढे ३ विगाह क्षेत्रफलमा फैलिने छ ।



सम्पर्क व्यक्ति वा संस्था: सुर्खेत उपत्यका नगर विकास समिति, बुलबुले चौकिदार (९८४८०६९०२१)
दर्ता विवरण: सुर्खेत उपत्यका नगर विकास समिति मातहत
भौतिक अवस्था: जग्गा ३१ बिगाह, ३ बिगाहको ताल, पार्कहरु, प्रतिक्षालयहरु, पानीको धाराहरु, बगैंचा
सडकको अवस्था: पक्की सडक ।
अनुमानित समय: मंगलगढीबाट १.६ किमि. सवारी साधनमा ३ मिनेट ।
अवलोकन गर्न लाग्ने समय: १ घण्टा ।
विशेष दिन र समय: दैनिकजसो । (कर्णाली उत्सव: हरेक बर्ष फागुन महिनामा)
सञ्चालन हुने गतिविधि: अवलोकन, घुमघाम ।





## देउतीबज्यै मन्दिर, वीरेन्द्रनगर नगरपालिका वडा नं. १० सुर्खेत

सुर्खेत जिल्लाको एक प्रमुख पर्यटकिय गन्तब्यको रुपमा रहेको गंगामाला देउतीबज्यै मन्दिर वीरेन्द्रनगर १० मा रहेको छ । गंगामाला देउतीबज्यैको मन्दिर इतिहास राजी जातिसँग जोडिएको देखिन्छ । राजीहरु सुर्खेत जिल्लाका पुराना जाति मध्येका एक मानिन्छन । भेरी नदीको पानीमा जाल हान्दा चार वहिनीलाई राजी जातका मानिसहरुले भेटाई नदिको किनारमा देवीको मन्दिर बनाइ देवीको रुपमा पूजागर्ने गरेको डोल्पाका मानीसहरुले थाहा पाएपछि गंगामालालाई फिर्ता लिन सुर्खेतमा आउदा गंगामाला रिसाइ अलप भइन् र पछि उनीहरु डोल्पा फर्किएपछि फेरी उत्पति भइन् भन्ने ईतिहास रहेको छ ।

रत्नराजमार्गबाट करिव एक किलोमिटर दक्षिणमा रहेको देउतीबज्यै मन्दिरमा गंगामालाको पुजाआजा गरिन्छ । गंगामाला (नयाँ गाउँ पिपिरा सुर्खेत) लाई राजीहरुले भेरी नदीमा जाल हान्दा भेटिएकी कन्याको स्वरुपमा देखेपछि राजी आश्चर्यका साथै त्रसित भए । सो देखि देवतीले तिमी नडराउ बरु मलाई उपर्युक्त ठाउमा स्थापित गर भन्दा राजीले हामी मतवाली जाति हौ । माछा, मासु खाने जातका हौ भनी असमर्थता प्रकट गर्दा देवतीले राजीहरुले पूजा गरेपछि आफू सन्तुष्ट हुने कुरा व्यक्त गरीन । त्यस पश्चात राजीहरुबाट नै देवतिको पूजा चल्दै आएको हो भन्ने भनाई छ ।

गंगामाला देउतीबज्यैमा अक्षता र ध्वजा उठाई भाकल गरेमा सोचेका कुरा पुरा हुने जन आस्था र विश्वास रहदै आएको छ । देउतीबज्यैले अन्यायीलाई रगत छाद्ने गराउछिन भन्ने अलौकिक डरले मानिसहरु डराउँछन । कसैले कवुल बमोजीम पूजाआजा र बली नदिएमा भाकल गर्नेलाई नै अनेक आपति र दु:ख कष्ट आइपर्ने हुँदा कबुल पुरा गर्नु अनीवार्य मानिन्छ । एकादशी, औंशी, आइतबार, सँक्रान्तिका दिनमा बली दिन मनाहि छ । परेवाको बलि दिने प्रथा पुर्व राजा वीरेन्द्रको सुर्खेतमा भ्रमण पश्चात हटाइ परेवाको जोडी उडाउने चलन चलाएको हो । घण्ट, ध्वजा, त्रिशुल, अक्षता फलफूल धुप चढाई देउतीबज्यैको पूजा आराधना गरिन्छ । वि.स. १८१२ सालमा ताक्लाकोटमा नेपाल र तिब्बतको लडाइ हुँदा भोटका सैनिकलाई नेपाली विर गोरखाली सैनिकहरुले हराई विजय गरी फर्कि आउँदा विजय भएको उपत्यकामा सैनिकहरुले चढाएको तोप, तलवार, खुकुरी र संगिन आज जीर्ण अवस्थामा गंगामाला देउतीबज्यै मन्दिरको नजिकै पिपलको रुखको चौतारीमा पाइन्छन ।
मन्दिरमा बोका चढाउने, गाडी तथा मोटरसाईकलहरु पुजा गर्नेहरुको पनि उत्तीकै भिड लाग्ने गर्दछ । यहाँ भाकल गरेर कुनै कुरा मागेपछि उक्त इच्छा पुरा हुन्छ भन्ने जनविश्वास रहेको छ । प्रत्येक बर्ष ज्यष्ठ पुर्णिमामा र मंसिर पुर्णिमामा देउती बज्यै गँगामालाको ठुलो पुजाआजा हुन्छ भने नववर्ष, विजयादशमीका वेला पनि श्रद्धालुहरुको ठुलो लाग्ने गर्दछ । फलफुल खीर दुध पुरी नरीवल ध्वजा अक्षता देउती बज्यैलाई चढाइन्छ भने उनका वाहन वजिरलाई पशुबली दिइन्छ । राजी थरका पुजारीले अहिले पनि पूजा गर्दै आएका छन ।

सम्पर्क व्यक्ति वा संस्था: वीरेन्द्रनगर नगरपालिका (०८३-५२१८४९), टंक राजी पुजारी ९८४८३४६५४८
दर्ता विवरण: जिल्ला प्रशासन कार्यालय, सर्खेतमा विक्रम संवत २०४९ सालमा दर्ता भएको छ ।
भौतिक अवस्था: जग्गा १२ कठ्ठा, देउती बज्यै, शिवजी, गणेश, दुर्गा आदि देवताका छुट्टाछुट्टै मन्दिरहरु र मुर्तिहरु समेत ।
सडकको अवस्था: पक्की सडक ।
अनुमानित समय: मंगलगढीबाट ३.५ कि.मि. सवारी साधनमा १० मिनेट ।
अवलोकन गर्न लाग्ने समय: ३० मिनेट ।
विशेष दिन र समय: दैनिक पुजाआजा र दर्शन, हरेक बर्ष जेष्ठ पुर्णिमा, मंसिर पुर्णीमा, नवबर्ष लगाएत चाडपर्वहरुमा विशेष पुजाआजा र दर्शनार्थीहरुको हजारौंको संख्यामा उपस्थिति ।
सञ्चालन हुने गतिविधि: पुजाआजा, विवाह, ब्रतबन्ध, मन्दिर दर्शन ।



## घण्टाघर, वीरेन्द्रनगर नगरपालिका वडा नं. ८ सुर्खेत

तत्कालिन समयको वीरेन्द्रनगरको सबैभन्दा अग्लो घर, घण्टाघर । जसको टुप्पोबाट सुर्खेत उपत्यकाको सम्पुर्ण दृश्य हेर्न सकिन्छ । वि.सं. २०४५ सालमा चीन सरकारको सहयोगमा स्थापना गरिएको घण्टाघरको चारै दिशातर्फ जापानबाट ल्याईएका ठूला ठूला घडीहरु जडान गरिएका छन् । सौर्य शक्तिबाट चल्ने यी घडीले समयको जानकारी सँगै मीठो धुन समेत दिने गर्थे । बटुवाले समेत घण्टाघरको धुन सुनेर आनन्द लिने र समयको समेत जानकारी प्राप्त गर्दथे ।

हाल यस घण्टाघर पार्कलाई वीरेन्द्रनगर नगरपालिकाले सार्वजनिक निजी साझेदारी योजना अन्तर्गत वीरेन्द्रनगर १ निवासी चिन्तामणि शर्मालाई जिम्मा दिएको छ । २०६८ सालेदेखि शर्माले घण्टाघर पार्कलाई व्यवस्थित रुपमा सञ्चालन गरिरहेका छन् । घण्टाघर पार्कमा प्रतिक्षालयहरु, चिल्ड्रेन पार्क, स्वीमिङ पुल, सभाहल र थरीथरीका फुलको बगैँचा समेत रहेका छन् । घण्टाघरसँगै रमणीय पार्क भएकाले यो राजधानीको मुटुभित्रको पर्यटकीय स्थल पनि हो । सुर्खेत पुग्ने जो कोही पनि यस पर्यटकिय स्थलमा अवश्य पुग्छन् । घण्टाघर पार्कलाई वीरेन्द्रनगर नगरपालिकाले संरक्षण र प्रर्वद्धन गर्दै पर्यटकीय स्थलको रुपमा विकास गर्ने कार्य गरिरहेको छ ।

घण्टाघर माथिबाट पूरै वीरेन्द्रनगरको दृश्य देखिन्छ । पार्कमा आनन्द लिने र विभिन्न कार्यत्रक्रमको लागि हल तथा विभिन्न जातिका चराहरुसमेत छन् । दुर्लभ जातको चरा अस्ट्रिज समेत पर्यटकलाई आकर्षण गर्न राखिएको छ । त्यो बाहेक बालबालिकाको लागि राम्रो खेल मैदान समेत घण्टाघर पार्कमा छ ।

सम्पर्क व्यक्ति वा संस्था: वीरेन्द्रनगर नगरपालिका, ०८३-५२०२६३
चिन्तामणी शर्मा (हालको सञ्चालक) ९८५८०४०३२८

दर्ता विवरण: वीरेन्द्रनगर नगरपालिकाको स्वामित्व रहेको ।

भौतिक अवस्था: ३८ कठ्ठा जग्गा, घण्टाघर, प्रतिक्षालयहरु, सभाहल, स्वीमिङ पुल, चिडियाखाना आदि

सडकको अवस्था: पक्की पिच सडक ।

अनुमानित समय: मंगलगढीबाट १ कि.मि., सवारी साधनमा ३ मिनेट ।

अवलोकन गर्न लाग्ने समय: १ घण्टा ।

विशेष दिन र समय: दैनिकजसो ।

सञ्चालन हुने गतिविधि: पर्यटकीय स्थल अवलोकन ।

## बयलकाँडा गढी किल्ला, वी.न.न.पा. १४ सुर्खेत




सुर्खेत जिल्लाको वीरेन्द्रनगर नगरपालिका वडा नं. १४ गोठिकाँडामा बयलकाँडा गढी अवस्थित रहेको छ । मंगलगढी चोकबाट उत्तर तर्फ दैलेख जिल्ला जाने पक्की पिच सडक करिब ८ कि.मि पार गरेपछि यस स्थानमा पुग्न सकिन्छ । उक्त स्थानबाट सुर्खेत उपत्यका पुर्णरुपमा राम्रोसंग देख्न सकिन्छ । गढी अवस्थित रहेको स्थान ऐतिहासिक तथा रमणीय दुबै दृष्टिकोणबाट राष्ट्रिय तथा अन्तराष्ट्रिय पर्यटकहरुलाई आकर्षित गर्ने सम्भावना बोकेको पर्यटकीय क्षेत्रको रुपमा समेत रहेको छ । यस स्थानबाट विगतमा प्यारागलाईडिङ गरि सुर्खेत उपत्यकामा अवतरण गर्ने समेत हुने गरेको थियो । गढी किल्लामा गौणा कुर्ने स्थान जस्तो पनि देखिन्छ । यस स्थानमा युद्धको बेला आवश्यक पर्ने अर्ली वार्निङको स्थान, आफु सुरक्षित भई गोली हान्ने स्थान आदिको भग्नावशेष समेत रहेको छ । उक्त गढीदेखि ५० मिटर पश्चिममा बटुक भैरवको मन्दिर समेत छ ।

बयलकाँडा गढीको स्थापना तथा निर्माण कस्को पालामा भएको हो भन्ने सम्बन्धमा कुनै अभिलेख नभेटिएता पनि सो सम्बन्धमा स्थानीय बुढापाकाहरु, इतिहासकार तथा बुद्धिजीविहरुसंग बुझ्दा उक्त गढी नेपाल एकिकरणको दौरान बाईसे राज्य आक्रमण गर्दा तथा तत्पश्चात उक्त क्षेत्रको सुरक्षाका निम्ति गोर्खाली फौजले बहादुर शाहको पालामा निर्माण गरिएको हो भन्ने बुझिन आएको छ । वरिपरि ईलाका सुर्खेत उपत्यका तथा उक्त स्थान भएर जाने बाटोघाटोको चारै तर्फ पुर्ण देखभाल राख्न सकिने स्थान रहेकोले उक्त गढी सैनिक दृष्टिकोणले ज्यादै महत्वपुर्ण देखिएकोले सुरक्षाको लागि स्थापना भएको अनुमान गर्न सकिन्छ ।

यस बयलकाँडा गढि किल्ला सुर्खेत उपत्यका भन्दा अग्लो स्थानमा रहेको हुँदा उपत्यका भन्दा चिसो हावापानी रहेको छ । सुर्खेत उपत्यकामा बसोबास गर्ने व्यक्तिहरु यस गढिबाट उपत्यकाको सुन्दर दृश्य अवलोकन गर्न, बनभोज खान, भ्रमण गर्न यस स्थानलाई नजिकको प्रमुख गन्तव्यको रुपमा छनौट गर्ने गर्दछन् ।




सम्पर्क व्यक्ति वा संस्था: वीरेन्द्रनगर १४ नं. वडा कार्यालय ।
सम्पर्क नं.: ९८५८०५१०१९ (वडा अध्यक्ष)
दर्ता विवरण: वीरेन्द्रनगर नगरपालिका, नेपाली सेना मातहत ।
भौतिक अवस्था: युद्धका लागि आवश्यक पर्ने स्थान, गढी, अर्ली वार्निङ स्थान, बटुक भैरवको मुर्ति
सडकको अवस्था: पक्की पिच सडक ।
अनुमानित समय: मंगलगढी चोकबाट करिव ८ कि.मी. दुरी, सवारी साधनमा १५ मिनेट ।
अवलोकन गर्न लाग्ने समय: ३० मिनेट ।
विशेष दिन र समय: दैनिकजसो ।
सञ्चालन हुने गतिविधि: वनभोज, भ्रमण, ऐतिहासिक गढी र सुर्खेत उपत्यकाको दृश्यावलोकन ।

## सिद्धपाइला, वीरेन्द्रनगर नगरपालिका वडा नं. १४ सुर्खेत





सुर्खेत जिल्लाको उत्तरी भागमा रहेको सिद्धपाइला दैलेख जिल्लाको सिमानासँग जोडिएको छ । गुराँस, काफल, टिमुर जस्ता बोट विरुवाको लागि उपयुक्त हावापानी रहेको यस क्षेत्र सुर्खेत जिल्लाको पर्यटकिय क्षेत्रको रुपमा परिचित रहेको छ । महादेव पुत्र कुमार सुमेरु पर्वतको परिक्रमा गर्न यात्रा गर्दाका बखत एक पाइला यस स्थानमा राखेको हुँदा यसको नाम सिद्धपाइला रहन गएको किम्बदंती रहेको छ । मंगलगढी चोकबाट करिव ८ कि.मि. उत्तर तर्फ पक्की पिच दैलेख सडकको यात्रा गरेपछि यो सिद्धपाइला क्षेत्र सुरु हुन्छ ।

सिद्धपाइला क्षेत्रबाट सुर्खेत उपत्यकाको सम्पुर्ण भुभाग दृश्यावलोकन गर्न सकिन्छ । सहरी क्षेत्रको कोलाहल बाट मुक्त हुन र शितल शान्त स्थानको खोजीको लागि यस क्षेत्रका वासीन्दाहरु सिद्धपाइलाको यात्रा गर्ने गर्दछन् । स्थानीयवासीहरु विशेषगरि वनभोज, भ्रमण र प्राकृतिक सौन्दर्यताको दृश्यावलोकन गर्न यस क्षेत्रतर्फ आकर्षित हुने गरेका छन् ।

सम्पर्क व्यक्ति वा संस्था: वीरेन्द्रनगर १४ नं. वडा कार्यालय, वडा अध्यक्ष ९८५८०५१०१९

दर्ता विवरण: सामुदायिक क्षेत्र, वी.न.न.पा. वडा नं. १४ मातहत

भौतिक अवस्था: सुन्दर शान्त शितल भुभाग, भगवानको मुर्ति तथा मन्दिर, प्राकृतिक विविधता ।

सडकको अवस्था: पक्की पिच र ग्राभेल सडक ।

अनुमानित समय: मंगलगढी चोकबाट करिव ९ कि.मी. दुरी, सवारी साधनमा ३० मिनेट ।

अवलोकन गर्न लाग्ने समय: ३० मिनेट ।

विशेष दिन र समय: दैनिकजसो ।

सञ्चालन हुने गतिविधि: वनभोज, भ्रमण, दृश्यावलोकन, प्राकृतिक सौन्दर्यताको रसपान ।

## लाटिकोइली शिवमन्दिर, वीरेन्द्रनगर नगरपालिका वडा नं. ९ सुर्खेत





एउटा इतिहास, एउटा आश्चर्य, एउटा मनोरम शान्त स्थल अनि धार्मिक आस्थाको केन्द्रको रुपमा परिचित यस कपिलेश्वर शिव मन्दिर सुर्खेत उपत्यकाको बीच भाग वी.न.न.पा. वडा नं. ९ को काँक्रेविहार नजिकै लाटिकोइली डाँडामा अवस्थित छ । यो मन्दिर वीरेन्द्रनगर को मुख्य बजार मंगलगढी चोकबाट २ किलोमिटर दक्षिणमा रहेको छ ।

सार्क सम्वत् १५०४ वि.सं. १६३९ मा आत्मनाथ र लंगननाथ भन्ने योगीद्धारा मन्दिरको निर्माण गरिएको कुरा मन्दिरको ढोका शिलाले खमा अंकित छ । गुम्बज शैलिमा निर्मित यो मन्दिर करिव २० फिट अग्लो र १०ह१० फिट वर्गाकारमा रहेको छ । यो मन्दिर ठुला ठुला सुर ढुङ्गाहरुद्धारा निर्मित छ, जसलाई देख्दा जो कोही भित्र पनि यति ठुला लामा ढङ्गा कसरी उठाए होलान् भन्ने प्रश्न उब्जिन्छ भने अर्को आश्चर्य यस मन्दिर भित्र आवाज निकाल्दा मिठो गुन्जायमान स्वर सुनिन्छ ।

यस मन्दिर डाँडामा अवस्थित रहेकोले मनोरम सुर्खेत उपत्यकालाई नै नियाल्ने अवसर पाइनुका साथै मन्दिर परिसरमा रहेको बेलका रुखहरुबाट छु ँ आनन्द र शान्त शितलता लिन सकिन्छ । यस मन्दिरमा हरेक वर्ष शिवरात्रीमा हजारौंको संख्यामा दर्शनार्थीहरुको विशे ष भिड लाग्नुका साथै नियमित रुपमा सोमवार र अन्य चाडपर्वहरुमा समेत दर्शनार्थीहरुको उल्लेख्य उपस्थिति रहन्छ । मन्दिरमा हरे क दिन विहान भगवान शिवको पुजा अर्जना गर्ने गरिन्छ ।

सम्पर्क व्यक्ति वा संस्था: मन्दिर व्यवस्थापन समिति अध्यक्ष,
विद्याभुषण मानन्धर ९८४८०२२०२२

भौतिक अवस्था: जमिन ८ कठ्ठा, एउटै ढुंगाद्धारा बनाइएको शिव मन्दिर,
एउटै ढुंगालाई कुँदेर बनाइएको अर्धनारिश्वर मुर्ति ।

सडकको अवस्था: पक्की पिच सडक ।

अनुमानित समय: मंगलगढीबाट २.५ कि.मि. दक्षिण, सवारी साधनमा ५ मिनेट ।

अवलोकन गर्न लाग्ने समय: १५ मिनेट

विशेष दिन र समय: शिवरात्रीमा मेला, श्रावण महिनाको सोमवार विशेष पुजाआजा र
दैनिक आराधाना

सञ्चालन हुने गतिविधि: पुजाआजा ।

## जलेश्वर मन्दिर, वीरेन्द्रनगर नगरपालिका वडा नं. ३ सुर्खेत



हिन्दु धर्मालम्वीहरुले जल या पानीयुक्त पोखरीमा रहको देवतालाई जलेश्वर महादेव भन्ने गर्दछन् । यिनै जलेश्वर महादेवको नामबाट जलश्वेर मन्दिर नामाकरण गरिएको हो ।
यस मन्दिरमा पाण्डवको पालादेखिका ढुंगाहरु रहेका छन् । विक्रम संवत १९९० सालमा निर्मित यस मन्दिरलाई उत्तरगंगा जलेश्वर धामको नामले पनि चिनिन्छ । मन्दिरमा रहेको तालको पानी उत्तर दिशातिर बगेको हुनाले यसलाई उत्तरगंगा समेत भनिएको कथन रहेको छ । साविकको उत्तरगंगा गाविस यसै मन्दिरको विशेषताबाट राखिएको थियो । अझै पनि तालको पानी उत्तर दिशातिर बगिरहेको छ । यस ठाउँलाई खम्बागाडे पनि भन्ने गरिन्छ ।
मन्दिरको पूर्व तर्फ जलकुण्ड निर्माण गरिएको छ । उक्त जलकुण्डमा पिपलपानी हाल्ने कार्यक्रम पनि सञ्चालन हुन्छ । मन्दिरमा साँझ विहान नियमित रुपमा भगवान शिवजी को पुजाआजा गर्न जानेहरु पनि हुन्छन् । शिवरात्रीको अवसरमा यहाँ मेला लाग्ने गर्दछ । साथै माघे संक्रान्ति, वैशाख १ गते र प्रत्येक महिनाको १ गते यहाँ पुजाआजा र मेला लाग्ने गर्दछ । जेष्ठ नागरिकहरु भेला जम्मा भई भजन किर्तन गर्ने र अन्य धार्मिक क्रियाकलापहरु समेत नियमित रुपमा सञ्चालन हुन्छन् ।

सम्पर्क व्यक्ति वा संस्था: मन्दिर व्यवस्थापन समिति अध्यक्ष पार्वती गिरी ९८५८०५१०२९
दर्ता विवरण: समाज कल्याण परिषदमा २०७६ पौष १ गते दर्ता भएको । आवद्धता नं. ३१२६३
भौतिक अवस्था: मन्दिरको नाममा साढे ८ कठ्ठा जग्गा, जलेश्वर, शिवजी, दुर्गा माता, गणेश, भगवती, आदि देवी देवताहरुका मुर्तिहरु र मन्दिर साथै प्रतिक्षालय पनि रहेको छ ।
सडकको अवस्था: पक्की सडक ।
अनुमानित समय: मंगलगढी चोकबाट करिव ४ कि.मी. पश्चिममा रहेको । गाडीमा जान १० मिनेट र पैदलयात्रा गरेर जान करिब १ घण्टा ।
अवलोकन गर्न लाग्ने समय: १५ मिनेट ।
विशेष दिन र समय: दैनिकजसो (शिवरात्री, माघे संक्रान्ती, वैशाख १ गते र प्रत्येक महिनाको १ गते)
सञ्चालन हुने गतिविधि: भजनकिर्तन, पुजापाठ, धर्मग्रन्थ बाचन ।

## सहिद पार्क, वीरेन्द्रनगर नगरपालिका वडा नं. ४ सुर्खेत





सुर्खेतको वीरेन्द्रनगर ४ स्थित भैरम सामुदायिक वनको तीन हेक्टर क्षेत्रफलमा अवस्थित सहिद पार्क प्रदेश सरकारको आर्थिक सहयोग तथा वीरेन्द्रनगर नगरपालिकाको प्राविधिक सहयोगमा निर्माण भएको हो । कर्णाली प्रदेश प्राप्तिको आन्दोलनका सहिदहरुको स्मृतिमा रु. एक करोड १३ लाख ५१ हजार लागतमा उक्त पार्क निर्माण भएको हो । छुट्टै प्रदेशको माग राखी संविधान जारी हुनुपूर्व यस क्षेत्रमा भएको आन्दोलनमा सुर्खेतका तीन र जुम्लाका एक जनाले ज्यान गुमाएका थिए ।

सुर्खेत वीरेन्द्रनगरका टिकाराम गौतम, गोपालसिं रजवार, याम वीसी र जुम्लाका हरिबहादुर कुँवरलाई प्रदेश आन्दोलनका सहिदका रुपमा कर्णाली प्रदेशले सम्झने गरेको छ । यी चार सहिदको सम्झनामा प्रदेश सरकारको उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय अन्तर्गतको वन तथा वातावरण निर्देशनालयले पार्क निर्माणको योजना अघि बढाएको थियो । पार्कमा स्तम्भ, बगैंचा, पानीको फोहरा, पर्खाल निर्माण गरिएको छ । वनस्पति उद्यान पनि निर्माण हुँदैछ । पार्क निर्माणसंगै आन्तरिक पर्यटकहरुको चहलपहल बढ्न थालेको छ । अरु दिनभन्दा बिदाको दिनमा पार्क हेर्न आउनेहरुको घुइँचो लाग्ने गरेको स्थानीय बताउँछन् । यहाँबाट पदमार्ग हुँदै गढी जान समेत सहज भएकाले धेरैको रोजाइँ सहिद पार्क बन्ने गरेको छ ।

सम्पर्क व्यक्ति वा संस्था: वडा अध्यक्ष निलकण्ठ खनाल ९८४८०२९१०५
दर्ता विवरण: वीरेन्द्रनगर वडा नं. ४ मातहत
भौतिक अवस्था: फुल बगैंचा, पानीको छहरा, सहिद स्मारक
सडकको अवस्था: पक्की पिच सडक र ग्राभेल सडक
अनुमानित समय: मंगलगढीबाट २.५ कि.मि. दुरीमा रहेको, गाडीमा करिब १० मिनेट
अवलोकन गर्न लाग्ने समय: १ घण्टा ।
विशेष दिन र समय: दैनिक रुपमा
सञ्चालन हुने गतिविधि: अवलोकन, भ्रमण, दृश्यावलोकन ।

## सक्केकाँडा, वीरेन्द्रनगर नगरपालिका वडा नं. ९ सुर्खेत





सुर्खेत उपत्यकाको दक्षिण भागमा रहेको सक्केकाँडा प्राकृतिक विविधता भएको स्थान हो । काफल, ऐँसेलु र टिमुर जस्ता पहाडि क्षेत्रमा हुर्कने बोट बिरुवाहरुको लागि सुहाउँदो हावापानी रहेको सक्केकाँडाबाट सुर्खेत उपत्यकाको दृश्य सुन्दर र सफा देखिन्छ । सक्केकाँडा डाँडाबाट सुर्खेतको भेरी नदिको समेत दृश्यावलोकन गर्न सकिन्छ ।

वीरेन्द्रनगरको मंगलगढी चोकबाट करिब ९ किमि दक्षिणमा रहेको सक्केकाँडासम्म पुग्न केहि भाग पक्की पिच बाटो र केहि भाग ग्राभेल सडक हुँदै जानुपर्ने हुन्छ । मंगलगढीबाट करिव ३० मिनेटमा सक्केकाँडा डाँडामा पुग्न सकिन्छ । सुर्खेत उपत्यकामा बस्ती विकास हुनुपूर्व सक्केकाँडा डाँडामा स्थानीयहरुको बासस्थान रहेको थियो । हाल उक्त स्थानमा कालभैरवको मुर्ती स्थापना गरिएको छ । डाँडाबाट चारै तर्फको दृश्य सुन्दर देखिने भएको र प्राकृतिक विविधता भएको हुँदा सक्केकाँडा आन्तरिक पर्यटनको उपर्युक्त गन्तव्यको रुपमा रहेको छ ।

सम्पर्क व्यक्ति वा संस्था: वडा अध्यक्ष सुरेश मानन्धर,कर्मचारी भिम ब. खड्का ९८४८०३९१९६
दर्ता विवरण: सामुदायिक क्षेत्र, वीरेन्द्रनगर वडा नं. ९ मातहत
भौतिक अवस्था: सुन्दर शान्त शितल समथर भुभाग, कालभैरवको मुर्ति, प्राकृतिक विविधता ।
सडकको अवस्था: पक्की पिच र ग्राभेल सडक ।
अनुमानित समय: मंगलगढी चोकबाट करिव ९ कि.मी. दुरी, सवारी साधनमा ३० मिनेट ।
अवलोकन गर्न लाग्ने समय: ३० मिनेट ।
विशेष दिन र समय: दैनिकजसो ।
सञ्चालन हुने गतिविधि: वनभोज, भ्रमण, दृश्यावलोकन, प्रकृतिको सौन्दर्यताको रसपान ।

## जर्बुटा डाँडा, वीरेन्द्रनगर नगरपालिका वडा नं. १३ सुर्खेत



सुर्खेत उपत्यका देखि पूवपट्टी अग्लो स्थानमा रहेको समथल, शान्त र शितल स्थान, जर्बुटा डाँडा । जर्बुटा डाँडामा सुर्खेत उपत्यकामा बस्ती बस्नुभन्दा पहिले बाक्लो बस्ती रहेको थियो । डाँडाबाट सुर्खेत उपत्यकाको दृश्य राम्रोसँग नियाल्न सकिने भएको हुँदा स्थानीयबासीहरुले सुर्खेत उपत्यकाको ऐना भनेर समेत जर्बुटा डाँडालाई भन्ने गर्दछन् । जर्बुटा डाँडा वीरेन्द्रनगर को मंगलगढीबाट करिव ६ किलोमिटरको दुरीमा रहेको छ । केही भाग पक्की पिच बाटो, केहि भाग ग्राभेल सडक र केहि भाग पैदल हिँड्नुपर्ने जर्बुटा डाँडामा सवारी साधनको सहयोग लिई करिब २५ मिनेटमा पुग्न सकिन्छ ।

जर्बुटा डाँडाबाट सुर्खेत उपत्यकाको सबैजसो स्थानहरुको दृश्यावलोकन गर्न सकिन्छ । सुर्खेत उपत्यकाको मौसम भन्दा डाँडाको मौसम सितल हुने, शान्त स्थान भएको हुँदा आन्तरिक पर्यटनको उपयुक्त गन्तव्य बनेको छ । सुर्खेत उपत्यकाका मानिसहरु वनभोज तथा अन्य भ्रमण तथा अवलोकनका लागि जर्बुटा डाँडा नै रोज्ने गर्दछन् ।

सम्पर्क व्यक्ति वा संस्था: वडा अध्यक्ष नन्दलाल शर्मा ९८४८०४७८३२
दर्ता विवरण: सामुदायिक क्षेत्र ।
भौतिक अवस्था: समथर मिलेको भुभाग, हेलिप्याड, ढुंगाहरुमा विभिन्न संरचनाहरु भएको ।
सडकको अवस्था: पक्की पिच, ग्राभेल सडक र केहि भाग पैदल हिँड्नुपर्ने ।
अनुमानित समय: मंगलगढी चोकबाट करिब ६ कि.मि. को दुरी, सवारी साधनमा २५ मिनेट
अवलोकन गर्न लाग्ने समय: ३० मिनेट
विशेष दिन र समय: दैनिकजसो ।
सञ्चालन हुने गतिविधि: वनभोज, भ्रमण, दृश्यावलोकन, प्राकृतिक सौन्दर्यताको रसपान ।

## पाताल दरबार, वीरेन्द्रनगर नगरपालिका वडा नं. २ सुर्खेत



एउटा आश्चर्य, अचम्मको भु-बनावट, ऐतिहासिक र पुरातात्विक सम्पदा जस्तो देखिने दृश्य, पाताल दरवार । पाताल दरबार मंगलगढी चोकबाट करिव ८ किलोमिटर पश्चिम दक्षिणमा रहेको छ । निजी सवारी साधनहरुको प्रयोग गरि कच्ची बाटोबाट करिव ३० मिनेटमा पुग्न सकिन्छ ।

पाताल दरबारमा सुरुङ्गहरु रहेका छन्, हातले कुँदेर बनाएको जस्तो देखिने आकर्षक बुट्टा भरिएको माटाका ढिस्काहरु रहेका छन् । यसको किंवदन्ती हेर्दा र स्थानीयहरुसँग बुझ्दा यसमा दैविक शक्ति रहेको, पहिले पहिले यसमा भएका सुरुङ्गहरुमा भुतले मानिसहरुलाई लुकाउने र पुजा आराधना गरेपछि छोडिदिने गर्दथ्यो । यसमा महादेवको वासस्थान रहेको स्थानीयको बुझाई रहेको छ ।

झट्ट हेर्दा भु-क्षय भएको जस्तो देखिए तापनि हातले कुँदिएको जस्तो देखिने आकर्षक बुट्टाहरुले पाताल दरबारको आकर्षण बढेको छ । पछिल्लो समय सुर्खेत जिल्ला र आसपासका पर्यटकहरुको नयाँ पर्यटन स्थलको रुपमा पाताल दरबारको निकै चर्चा रहेको छ । जङ्गलको बीच र खोला किनारमा अवस्थित पाताल दरबारमा निजी मोटरसाइकल र साना गाडीहरुबाट मात्र जान सकिन्छ । पछिल्लो समय यहाँ भगवान शिवको मुर्ति स्थापना गरिएको छ ।

सम्पर्क व्यक्ति वा संस्था: वीरेन्द्रनगर २ नं. वडा कार्यालय,
वडा अध्यक्ष श्री बल बहादुर रोकाय (९८४८०३८८०५)

दर्ता विवरण: छैन ।

भौतिक अवस्था: सुरुङ्ग, आकर्षक बुट्टा सहित माटोको ढिस्काहरु, भगवान शिवको मुर्ति ।


सडकको अवस्था: आधा पक्की आधा कच्ची

अनुमानित समय: मंगलगढी चोकबाट ९ कि.मि. दुरीमा रहेको, ३० मिनेट

अवलोकन गर्न लाग्ने समय: ३० मिनेट

विशेष दिन र समय: हरेक दिन

सञ्चालन हुने गतिविधि: अवलोकन




## ॐ कारेश्वर शिव मन्दिर, वीरेन्द्रनगर नगरपालिका वडा नं. ५ सुर्खेत

ॐकार शब्द सर्वप्रथम सृष्टिकर्ता ब्रह्माको मुखबाट उच्चारण भएको हो । वेदको पाठ यस शब्दको उच्चारण विना हुन सक्दैन । यस्तो पवित्र शब्दको नामबाट यस मन्दिरको नामाकरण गरिएको छ ।

वि.सं. २०२८ सालमा एकात्य बाबाले यस मन्दिरको स्थापना गर्नुभएको हो । एउटा हात संधैं खडा (उठाइरहने) गरेर राख्ने भएकोले उहाँलाई एकात्य बाबा भनिएको थियो । यस मन्दिरमा देवताका पनि देवता महादेवको पुजाआजा गरिन्छ । करिब ८ कठ्ठा क्षेत्रफल जग्गा मन्दिरको आफ्नै रहेको छ । मन्दिरमा बमबम भोले आदि देवताका मुर्तीहरु स्थापना गरिएका छन् । शिवजीको पुजाआजा गर्न, विवाह ब्रतबन्ध, जलधारा, त्रिकाल पुजा आदि यहाँको महत्व रहेको छ ।

सम्पर्क व्यक्ति वा संस्था: मन्दिर व्यवस्थापन समिति अध्यक्ष, सागर भुसाल, ९८५८०५०१२२, सचिव, डिल्ली आचार्य ९८४८०४००९९, पुजारी, हरिभक्त पंगाली ९८६८०११९१९

दर्ता विवरण: जिल्ला प्रशासन कार्यलय सुर्खेतमा २०७३ सालमा दर्ता भएको ।

भौतिक अवस्था: मन्दिरको जमिन ८ कठ्ठा रहेको छ । शिवजी, बमबम भोले आदि देवताहरुका मुर्तीहरु रहेका छन् । मन्दिर परिसरमा शिवलिंग पनि रहेको छ ।

सडकको अवस्था: पक्की सडक ।

अनुमानित समय: मंगलगढीबाट गाडीमा ६ मिनेट ।

अवलोकन गर्न लाग्ने समय: १५ मिनेट ।

विशेष दिन र समय: शिवरात्रीमा पुजाआजा र मेला, श्रावण महिनाको सोमवार पुजाआजा

सञ्चालन हुने गतिविधि: शिवजीको नियमित पुजाआजा, बिबाह, ब्रतबन्ध, भजनकृतन ।



## राम मन्दिर, वीरेन्द्रनगर नगरपालिका वडा नं. ६ सुर्खेत



राम (रामायण अनुसार) प्राचीन नेपालमा जन्मिएका महापुरुष थिए । हिन्दू धर्ममा, राम, विष्णुको १० अवतारहरु मध्ये एक अवतार मानिन्छन् । रामको जीवनकाल र पराक्रम, महर्षि वाल्मिकिद्वारा रचित, संस्कृत महाकाव्य रामायणको रुपमा लेखिएको छ। उनको विषयमा तुलसीदासले भक्ति काव्य श्री रामचरितमानसको रचना गरेका थिए । विशेष रुपले उत्तर भारत र नेपालमा राम धेरै पूज्यनीय मानिन्छन् । रामचन्द्र हिन्दुत्ववादीहरूको पनि आदर्श पुरुष हुन् । उनै महापुरुषको नामबाट यस राम मन्दिरको स्थापना गरिएको हो ।

वि.सं. २०४६ साल अघि सुर्खेत उपत्यकामा हुने औपचारिक सभा, सम्मेलन तथा कार्यक्रमहरु यसै राम मन्दिरको परिसरमा सञ्चालन हुने गर्दथे । यस राम मन्दिरमा भगवान राम र माता सीताका मुर्तीहरु स्थापना गरिएका छन् । मन्दिरमा दुई तले अतिथि भवन, प्रर्दशन हल, यज्ञ तथा विवाह मण्डप लगाएतको सुविधा सम्पन्न भौतिक संरचनाहरु निर्माण गरिएको छ । मन्दिरमा नियमित रुपमा पुजाआजा, विवाह तथा व्रतबन्धका कर्मकाण्डहरु सञ्चालनमा रहन्छन् भने बेला बखतमा श्रीमद्‌भागवत पुजा समेत सञ्चालन गरिन्छ ।

सम्पर्क व्यक्ति वा संस्था: पुजारी महेन्द्र उपाध्याय, ९८४८०५०५६६
दर्ता विवरण: जिल्ला प्रशासन कार्यालय, सर्खेतमा दर्ता भएको छ ।
भौतिक अवस्था: क्षेत्रफल १० कठ्ठा १२ धुर जग्गा, प्रदर्शनी हल, २ तले अतिथि भवन, यज्ञ तथा विवाह मण्डप र राम सीताका मुर्तीहरु रहेका छन् ।
सडकको अवस्था: पक्की सडक ।
अनुमानित समय: मंगलगढीबाट १ कि.मि. दुरीमा रहेको, ३ मिनेट ।
अवलोकन गर्न लाग्ने समय: २० मिनेट ।
विशेष दिन र समय: चैते रामनवमी, दशैंको बेला पुजा, रामजयन्तीमा पुजा
सञ्चालन हुने गतिविधि: पुजाआजा, विवाह, ब्रतबन्ध, श्रीमद्‌भागवत पुजा

## दुर्गा मन्दिर, वीरेन्द्रनगर नगरपालिका वडा नं. १ सुर्खेत



दुर्गा हिन्दूहरूको पूज्य नौ देवीहरू मध्य एक देवीको रूप हो । हिन्दू धर्मावलम्बीहरूले “शेरावाली माँ“ “माँ दुर्गा“ आदी नामले दुर्गालाई पुकार्छन । दुर्गा - जो अष्टाङ्ग योग, कर्म एवं उपासना रूप दु:साध्य साधनद्वारा प्राप्त हुन्छिन्, उनै जगदम्बिका ”दुर्गा” कहलाउँछिन ।

वीरेन्द्रनगर १ सोलिघोप्टे स्थित मा रहेको दुर्गा मन्दिर उनै देवी जगदम्बिका दुर्गाको नामले नामाकरण गरिएको हो । वडा नं. १ र २ को धार्मिक स्थलको रुपमा परिचित दुर्गा मन्दिर वि.सं. २०२४ सालमा माइको थानको नाममा स्थापना भएको र त्यसपछि कालिका मन्दिर हुँदै वि.सं. २०६९ सालमा दुर्गा मन्दिर नामाकरण गरिएको हो । २०२४ सालअघि उक्त स्थानमा श्री त्रिपुरेश्वर माध्यामिक विद्यालय रहेको थियो । विद्यालय ढोडे खालीमा सरेपछि उक्त स्थानमा मन्दिर स्थापना गरिएको हो ।

सम्पर्क व्यक्ति वा संस्था: मन्दिर व्यवस्थापन समिति अध्यक्ष बाटुली अधिकारी ९८४८२२५०३६
दर्ता विवरण: वि.सं. २०६९ सालमा जिल्ला प्रशासन कार्यालय सुर्खेतमा दर्ता भएको ।
भौतिक अवस्था: मन्दिरको नाममा २० बिगाह जग्गा भएपनि लाजपुर्जा नभएको, सानो मन्दिर निर्माण भएको, मन्दिरको तलपट्टी पानीको व्यवस्थित धाराहरु रहेको, प्रतिक्षालय निर्माण भएको ।
सडकको अवस्था: पक्की सडक
अनुमानित समय: मंगलगढी चोकबाट ४ कि.मि. दुरीमा रहेको सवारी साधनमा १० मिनेट
अवलोकन गर्न लाग्ने समय: ३० मिनेट
विशेष दिन र समय: दैनिकजसो ।
सञ्चालन हुने गतिविधि: भजनकृतन, पुजापाठ, धर्मग्रन्थ बाचन ।



## गणेश मन्दिर, वीरेन्द्रनगर नगरपालिका वडा नं. ५ सुर्खेत

हिन्दू धर्मावलम्बीहरुले सबैभन्दा पहिले पूजा गर्ने देवताको नाम गणेश हो । हातीको शिर तथा मान्छेको जस्तो शरीर भएका ठूलो भूँडीवाल भगवान गणेशलाई विघ्न हर्ता तथा सिद्धि दिने सिद्धि विनायक भनेर पूजा गरिन्छ । यिनै सिद्धिविनायक भगवान गणेशको मन्दिर वीरेन्द्रनगर ५ र ६ को सिमानामा अवस्थित छ । मन्दिर नजिकैको व्यापारिक केन्द्रको रुपमा परिचित चोकको नाम समेत गणेशचोक राखिएको छ ।

मन्दिर स्थापनाका लागि वि.सं. २०३२ सालमा तत्कालिन राजा वीरेन्द्र सुर्खेत आएको बेलामा राजासंग अनुरोध गरी मुर्ती स्थापना गरिएको थियो । पहिले त्यहाँ साधुहरुको अखडा रहेको कथन छ । मन्दिर परिसरमा रहेको पानीको मुहान र खानेपानीको धाराले सौर्दयता थपिदिएको छ । विगतमा सुर्खेतमा खानेपानीको व्यवस्थित योजना नआउँदै वीरेन्द्रनगरका हालका ४, ५ र ७ नम्बर वडाका नागरिकहरुले त्यहाँकै खानेपानी प्रयोग गर्थे । हाल पनि वीरेन्द्रनगरमा खडेरीको समय र अन्य समयमा पानी लिन आउनेहरुको भिड हुने गर्दछ ।

८ कठ्ठा सवा १२ धुर क्षेत्रफलमा स्थापना भएको मन्दिरमा गणेश, सन्तोषी माता आदि देवताहरुका मुर्तीहरु रहेका छन् । मन्दिर परिसरमा सनातन धर्म सेवा समिति सुर्खेतको भवन पनि रहेको छ । साथै प्रतिक्षालय पनि रहेको छ । मन्दिरमा नियमित रुपमा पुजाआजा गर्ने गरिन्छ । वीरेन्द्रनगरका विभिन्न स्थानमा बसोबास गर्ने नागरिक यस मन्दिरमा व्रतबन्ध, विवाह जस्ता कार्यहरु गर्न समेत आइरहन्छन् ।

सम्पर्क व्यक्ति वा संस्था: मन्दिर व्यवस्थापन समिति सचिव, चन्द्रलाल सापकोटा ९८४८०३९४५५
दर्ता विवरण: जिल्ला प्रशासन कार्यालय सुर्खेतमा २०७१ सालमा दर्ता भएको । दर्ता नं. ७०३
भौतिक अवस्था: मन्दिरको जमिन ८ कठ्ठा सवा १२ धुर, गशेण, सन्तोषी माता आदी देवताहरुका मुर्तीहरु, परिसरमा सनातन धर्म सेवा समिति सुर्खेतको भवन, प्रतिक्षालय र मन्दिर परिसरमा खानेपानीको मुहान र धारा पनि रहेको छ ।
सडकको अवस्था: पक्की
अनुमानित समय: मंगलगढीबाट १.५ कि.मि. दुरीमा रहेको, गाडीमा ५ मिनेट ।
अवलोकन गर्न लाग्ने समय: ३० मिनेट ।
विशेष दिन र समय: गणेश चतुर्दशी
सञ्चालन हुने गतिविधि: पुजाआजा, गणेश भगवानको आरधाना र प्राथना, भजन कृतन



## राधासर्वेश्वर कृष्ण मन्दिर, वीरेन्द्रनगर नगरपालिका वडा नं. ६ सुर्खेत

कृष्णलाई प्राय: गौडिया वैष्णव धर्मशास्त्रमा भगवान भनेर चिनिन्छ र राधा एक युवती, गोपी जो कृष्णको सर्वोच्च प्रेमी हुन् । कृष्णको साथमा राधा सर्वोच्च देवीको रूपमा मान्यता पाउँदछिन् र सर्वोच्च देवी भनेर भनिन्छ । उनी कृष्णलाई उनको प्रेमले नियन्त्रण गर्ने बताइएको छ । माता र ाधा लाई नै सम्पुर्ण थोक मानि भगवान श्रीकृष्णले वृन्दाबनमा रासलिला रच्नुभयो । प्रेमिका र ाधाको समिपमा भगवान श्रीकृष्णले विताउनुभएको समयको बारेमा श्रीमद्भागवत महापुराणमा व्याख्या गरिएको छ । उनै भगवान श्रीकृष्णकी प्रेमिका राधाको नामबाट नामाकरण गरिएको राधासर्वेश्वर कृष्ण मन्दिर वीरेन्द्रनगर ६ गणेशचोकमा अवस्थित रहेको छ ।

दश धुर मात्रै जग्गामा तिन तले राधासर्वेश्वर कृष्ण मन्दिर स्थापना गरिएको छ । मन्दिर मा दिनहुँ पुजाआजा गर्ने गरिन्छ । यस मन्दिरमा विशेषगरि राधाकृष्ण भगवानलाई पुज्ने भक्तजनहरुको उपस्थिति रहन्छ । मन्दिरमा जेष्ठ नागरिकहरुको भेला जम्मा हुने र भजन कृतनका कार्यहरु नियमित रुपमा सञ्चालन हुने गरेका छन् । यस मन्दिरमा समय समयमा धर्मगुरुहरुद्धारा श्रीमद्भागवत महापुराण वाचन गर्ने र श्रद्धालु भक्तजनहरुले श्रीकृष्णको कथा श्रवण गर्ने कार्यहरु समेत सञ्चालन हुन्छन् ।

सम्पर्क व्यक्ति वा संस्था: मनिराम पौडेल, पुजारी ९८६४७०९५२१, मन्दिर व्यवस्थापन समिति अध्यक्ष डिल्लीप्रसाद अधिकारी ९८६९२२८२८०४
दर्ता विवरण: छैन ।
भौतिक अवस्था: क्षेत्रफल १० धुर जग्गा, तीन तले मन्दिर, राधाकृष्णको मुर्ति रहेको छ ।
सडकको अवस्था: पुगेको ।
अनुमानित समय: मंगलगढीबाट २ कि.मि दुरीमा रहेको, गाडीमा ५ मिनेट ।
अवलोकन गर्न लाग्ने समय: १५ मिनेट ।
विशेष दिन र समय: दैनिकजसो ।
सञ्चालन हुने गतिविधि: पुजाआजा, भजनकृतन, धार्मिक कथा बाचन ।

## भैरव मन्दिर, वीरेन्द्रनगर नगरपालिका वडा नं. ४ सुर्खेत





भैरवलाई भगवान शिवको डर हटाउने विशेषता भएका अंश-देवताको रुपमा लिईन्छ । भैरवलाई नेपाल, भारत, बङ्गलादेश र अन्य हिन्दु-संस्कृति प्रचलनमा रहेका ठाउँहरुमा एक प्रमुख देवताको रुपमा पुजा गर्ने चलन छ । भैरव रहेको ठाउंलाई भैरवस्थान भन्ने गरिन्छ । भैरवले भगवान शिवको प्रखर तथा भयङ्कर संहारक रुपको प्रतिनिधित्व गरेको विश्वास गरिन्छ । यिनै देवता भैरवको नामबाट नामाकरण गरिएको भैरव मन्दिर वीरेन्द्रनगर - ४ भैरवस्थानमा रहेको छ ।

मन्दिरमा पुजाआजा र भाकल गरेमा मागेको पुग्छ भन्ने मान्यता रहेको छ । स्थानीयहरुले अनिष्ट र रोग ब्याधि हटाइदिन भन्दै उक्त मन्दिरमा भगवान भैरवनाथको पुजाआजा गर्ने गर्दछन् । यस मन्दिरमा नियमित रुपमा पुजाआजा गरिन्छ साथै उभौली उधौलि पर्वमा विषेश पुजाआजा र प्रार्थना गर्ने गरिन्छ ।

सम्पर्क व्यक्ति वा संस्था : पुजारी लोकप्रसाद भुसाल, ९८६८०२९७६८
मन्दिर व्यवस्थापन समिति अध्यक्ष शिव प्रसाद सापकोटा, ९८४८२४१११२
भौतिक अवस्था: १९ धुर जग्गा, १ वटा मन्दिर, पुजारी आवास र मुर्तीहरु ।
सडकको अवस्था: पक्की सडक ।
अनुमानित समय: मंगलगढीबाट २.५ कि.मि. दुरीमा रहेको, गाडीमा ७ मिनेट ।
अवलोकन गर्न लाग्ने समय: १५ मिनेट ।
विशेष दिन र समय: दैनिकजसो ।
सञ्चालन हुने गतिविधि: उधौली उभौलीमा पुजा अन्य नियमित पुजाआजा ।

## शिद्धेश्वर शिव मन्दिर, वीरेन्द्रनगर नगरपालिका वडा नं. ८ सुर्खेत




भगवान शिवका १०८ उपनामहरु रहेका छन् । मनले चिताएको पुरा गरिदिने र श्रद्धालु भक्तजनले सफा मनले मागेको शिद्ध गरिदिने भगवानको रुपमा समेत शिवलाई चिनिने हुँदा शिद्धेश्वर शिव भन्ने चलन हिन्दु धर्मालम्बीहरुमा रहेको पाइन्छ । यिनै शिद्धेश्वर शिवको नामबाट यस मन्दिरको नामाकरण गरिएको हो । वडा नं. ८ मा रहेको यस शिद्धेश्वर शिव मन्दिरमा भगवान शिवको पुजा आराधना गर्ने गरिन्छ ।

वि.सं. २०४९ सालमा भगवान शिवको सानो मुर्ती स्थापना गरि यस मन्दिर निरन्तर सञ्चालनमा रहेको छ । पछि २०५७ सालमा संरचनागत रुपमा मन्दिरको स्थापना भएको र नियमित रुपमा भगवान शिवको पुजाआजा गरिएको छ । मन्दिरको नाममा एक कठ्ठा जमिन रहेको र मन्दिर भित्र शिव र पार्वतीका मुर्तीहरु स्थापना गरिएको छ ।

सम्पर्क व्यक्ति वा संस्था: पुजारी, नरेश्वर चालिस ९८४८१६७९८०
दर्ता विवरण: जि. प्र. का. सुर्खेतमा २०५७ सालमा शिद्धेश्वर शिव सेवा केन्द्रको नाममा दर्ता भएको (दर्तानं. २२८ ०५७/०५८)
भौतिक अवस्था: मन्दिरको नाममा १ कठ्ठा जग्गा  रहेको छ । मन्दीरमा शिव पार्वती देवताहरुका मुर्तीहरु रहेका छन् । साथै शिवलिंग पनि रहेको छ। मन्दीरका २ वटा कोठाहरु भाडामा दिइएको छ ।
सडकको अवस्था: पक्की सडक
अनुमानित समय: मंगलगढीबाट २ कि.मि. दुरीमा रहेको, गाडीमा ५ मिनेट ।
अवलोकन गर्न लाग्ने समय: १५ मिनेट ।
विशेष दिन र समय: श्रावणको प्रत्येक सोमवार, शिवरात्री, तिज
सञ्चालन हुने गतिविधि: भजन कृतन र पुजा आजा, विवाह र ब्रतबन्ध




## राधाकृष्ण मन्दिर, वीरेन्द्रनगर नगरपालिका वडा नं. ८ सुर्खेत

वीरेन्द्रनगर नगरपालिका क्षेत्रको प्रमुख राधाकृष्ण मन्दिरका रुपमा रहेको यो मन्दिर वि.सं. २०२९ सालमा स्थानिय वासीहरुको सहयोग एवं प्रयासमा निर्माण भएको हो । यो मन्दिर २०५८ सालमा पुर्ननिर्माण गरि पक्की आकर्षक मन्दिरका रुपमा रहेको छ । यस मन्दिर घण्टाघरबाट करिव एक किलोमिटर पूर्वमा एअरपोर्ट जाने सडकको कालङ्चोकमा रहेको छ ।

मन्दिरमा नियमित रुपमा विहान साँझ भगवान राधाकृष्णको पुजाआजा गरिन्छ । यसका अलावा भजनकृतन, रामायण, महाभारत पठन आदि क्रियाकलापहरु सञ्चालन हुने गर्दछन् । विशेषत श्रीकृष्ण जन्मअष्टमीमा दर्शनार्थीको ठुलो भिड लाग्नुका साथै उक्त अवसरमा यस मन्दिर मा भव्य भजनकृतन गरि श्रीकृष्ण भगवानको सोभा रत समेत निकाल्ने र वीरेन्द्रनगर बजार परिक्रमा गर्ने चलन रहेको छ ।

मन्दिरमा राधाकृष्ण पञ्चायत देवताको मुर्ती स्थापना गरिएको छ । मन्दिरको नाममा १ कठ्ठा जमिन, पुजाआजाका लागि मन्दिर, सभाहल लगाएतका भौतिक संरचनाहरु रहेका छन् ।

सम्पर्क व्यक्ति वा संस्था: मन्दिर व्यवस्थापन समिति सचिव होमराज भण्डारी ९८६८१२११९५
दर्ता विवरण: वि.सं. २०६६ सालमा जिल्ला प्रशासन कार्यालय सुर्खेतमा दर्ता नं. ५१६२०६६
भौतिक अवस्था: १ कठ्ठा जग्गा, मन्दिर, हल, मुर्तीहरु, शौचालय र कम्पाउन्ड ।
सडकको अवस्था: पक्की सडक ।
अनुमानित समय: मंगलगढीबाट १.५ कि.मि. दुरीमा रहेको, गाडीमा ५ मिनेट ।
अवलोकन गर्न लाग्ने समय: १५ मिनेट ।
विशेष दिन र समय: दैनिकजसो (श्रीकृष्ण जन्माष्टमी) ।
सञ्चालन हुने गतिविधि: भजनकृतन, पुजाआजा, धर्मग्रन्थ वाचन आदि ।

## प्रदेश संग्रहालय तथा अभिलेखालय, वीरेन्द्रनगर नगरपालिका वडा नं. ८ सुर्खेत




प्रदेश संग्रहालय सुर्खेतमा कर्णालीको सभ्यता झल्कने राउटे, चौधरी, मगर, भोटे जातिको संस्कृति तथा विभिन्न गरगहना, ढिकी, जातो लगायतका बस्तुहरु छन् । प्रदेश संग्रहालयमा पहिलो कक्षमा कर्णालीको इतिहास र संस्कति झल्कने विभिन्न जातिहरुको रहनसहन भेषभुषासँग सम्बन्धित सामग्री राखिएको छ भने, दोश्रो कक्षमा पुरातात्विक बस्तुहरु राखिएका छन् । थारु, मगर, राउटे लगायत जातजातिको पहिचान झल्कने मूर्ति, पोशाक, गहना, भाँडा औजार लगायत सामग्री संग्रहालयमा राखिएको छ । ऐतिहासिक हातहतियार, परामपरागत नापतौलका वस्तुहरुपनि संग्राहालयमा राखिएका छन् । दोश्रो कक्षमा काँत्रे विहार, प्राचिन हुक, प्राचिन माटोका भाडाहरु, प्राचिन पानी घडी, विभिन्न सास्कृतिक तथा ऐतिहासिक वस्तु राखिएको छ । प्राचिन भाडाका टुक्रा, जुम्लामा पाइने प्राचिन माटोको च:च: हरु राखिएका छन । हिमाली तथा जनजातिहरुले प्रयोग गर्ने प्राचिन साधन पनि राखिएको छ । प्रदेश संग्रहालय भएकाले कर्णालीका हरेक संस्कृति, परम्परा, संस्कार झल्काउने विषयवस्तु र सामग्री राख्ने योजना रहेको छ ।

सार्वजानिक विदाको दिन र मंगलबार बाहेक हरेक दिन संग्रहालय खुल्छ । यहाँ जिल्ला भित्र र बाहिर बाट विषेशगरि विद्यार्थीहरु अवलोकनका लागि आउने गर्छन् । कर्णालीको सभ्यता जान्न र बुझ्न चाहने जो कोहि यस संग्राहलयमा आउने र अवलोकन गर्ने गर्दछन् ।

सम्पर्क व्यक्ति वा संस्था: कार्यालय प्रमुख डबल प्रसाद शर्मा, ९८५८०६३०४६
दर्ता विवरण: प्रदेश सरकार मातहत रहेको ।
भौतिक अवस्था: विभिन्न सभ्यता दर्शाउने वस्तुहरु ।
सडकको अवस्था: पक्की सडक ।
अनुमानित समय: मंगलगढीबाट १.५ कि.मि. दुरीमा रहेको, गाडीमा ५ मिनेट ।
अवलोकन गर्न लाग्ने समय: ३० मिनेट ।
विशेष दिन र समय: सार्वजानिक विदाका दिन र हरेक मंगलबार बाहेक हरेक दिन संग्रहालय खुल्छ ।





## मंगलगढी, वीरेन्द्रनगर नगरपालिका वडा नं. ९ सुर्खेत






सुर्खेत जिल्लाको बसपार्क नजिकै रहेको यस मंगलगढी एउटा ऐतिहासिक महत्व बोकेको स्थान हो । रत्नराजमार्ग सँगै दक्षिण भागमा जोडिएको सैनिक आवासीय महाविद्यालयको हाता भित्र रहेको यस मंगलगढीमा ठुलाठुला गढी जत्रा ढुङ्गाहरुको ऐतिहासिक दृश्य देख्न सकिन्छ । यस मंगलगढीमा वरिपरि पानीको ताल र बीचमा माइको मन्दिर रहेको छ । माइको मन्दिर भित्र विभिन्न मुर्तिहरु रहेका छन् । साथै टाउको नभएकी देवीको मुर्ती समेत रहेको छ । मन्दिरको नाममा १६ विगाह जमिन रहेको छ ।

यस मंगलगढीमा नेपाली सेनाले दशैंको सप्तमीको दिन नेपाली सेनाले हर्षबढाई गर्ने हतियार पुजा गर्ने र फुलपाती लगेर वीरेन्द्रनगर १४ मा रहेको गढीमा सेलाउने प्रचलन रहेको थियो । एक ऐतिहासिक पुरातात्विक यस मंगलगढी र वी.न.न.पा. १४ मा रहेको बयलकाँडा गढी नेपालमा बाइसे चौबिसे राज्य हुँदा बखत युद्ध लडने र आफ्नो सेनालाई सुरक्षित गर्ने गढीको रुपमा रहेको पाइन्छ ।

सम्पर्क व्यक्ति वा संस्था: वडा अध्यक्ष सुरेश मानन्धर ९८५८०५०३७९
दर्ता विवरण: दर्ता भएको छैन। पहिले सार्वजानिक जग्गा हो । अहिले सेनाको नाममा रहेको छ ।
भौतिक अवस्था: १६ विगाह जमिन, विभिन्न मुर्तिहरु
सडकको अवस्था: पक्की पिच सडक
अनुमानित समय: मंगलगढी चोकको आडैमा दक्षिण तर्फ रहेको
अवलोकन गर्न लाग्ने समय: ३० मिनेट ।
विशेष दिन र समय: विजया दशमी
सञ्चालन हुने गतिविधि: पुजाआजा

## पातालगंगा, वीरेन्द्रनगर नगरपालिका वडा नं. ९ सुर्खेत





एउटा ऐतिहासिक प्राचिन सम्पदाको रुपमा रहेको पातालगंगा वडा नं. ९ को गणेशजल टोलमा अवस्थित छ । पवित्र धार्मिक एवं पौराणिकस्थल दैलेखको श्रीस्थानबाट प्रवाह हुने पवित्र जल तथा फुल सुर्खेतको पातालगंगा जलकुण्डमा संगम हुने ऐतिहासिक स्थल हो । मंगलगढी चोकबाट करिव साढे चार किलोमिटर दक्षिणमा रहेको पातालगंगासम्म पुग्न सवारी साधनमा करिव १५ मिनेट लाग्दछ ।

पातालगंगा सँगै रहेको करिव तिन कठ्ठा सार्वजनिक जमिन यही ऐतिहासिक स्थलको हो । यस स्थानमा भगवान गणेशको मन्दिर समेत रहेको छ भने सँगै पानीको मुहान र बाह्रै महिना निरन्तर रुपमा बग्ने चार वटा पानीका धारा समेत रहेका छन् । यस स्थानसम्म पुग्नका लागि आधा बाटो पक्की पिच रहेको छ भने आधा बाटो ग्राभेल सडक रहेको छ ।

सम्पर्क व्यक्ति वा संस्था: वडा अध्यक्ष सुरेश माननन्धर ९८५८०५०३७९
दर्ता विवरण: वडा कार्यालय मातहत
सडकको अवस्था: ग्रोभल सडक ।
अनुमानित समय: मंगलगढीबाट ३ कि.मि. दुरीमा रहेको, गाडीमा १५ मिनेट ।
अवलोकन गर्न लाग्ने समय: १५ मिनेट ।
विशेष दिन र समय: माघे संक्रान्तीमा मेला लाग्ने गर्दछ ।
सञ्चालन हुने गतिविधि: पुजा आरधाना, अध्ययन अवलोकन ।

## राधाकृष्ण मन्दिर, वीरेन्द्रनगर नगरपालिका वडा नं. ९ सुर्खेत



साविक लाटीकोइली गाविस हालको वीरेन्द्रनगर ९ मा रहेको राधाकृष्ण मन्दिर वि.सं. २०३४ सालमा स्थापना भएको हो । भगवान श्रीकृष्ण र उनकी प्रेमिका राधाको पुजाआजा गर्ने हिन्दु धर्मावलम्बीहरुको धार्मिक स्थलका रुपमा रहेको यस मन्दिरसम्म पुग्न मंगलगढी चोकबाट सवारी साधनमा करिब १० मिनेट लाग्दछ ।

मन्दिरको नाममा करिब १३ कठ्ठा जमिन रहेको छ, जसमा लगभग ८ कठ्ठा जमिन नजिकै रहेको विद्यालयले प्रयोग गरिरहे को छ भने बाँकी जमिनमा राधाकृष्णको मुर्ती सहित मन्दिर स्थापना गरिएको छ । मन्दिरमा धर्मशाला समेत रहेको छ । मन्दिरमा नियमित रुपमा विहान साँझ भगवान राधाकृष्णको पुजाआजा गरिन्छ । यसका अलावा भजनकृतन, रामायण, महाभारत पठन आदि क्रियाकलापहरु सञ्चालन हुने गर्दछन् । विशेषत श्रीकृष्ण जन्मअष्टमीमा दर्शनार्थीको ठुलो भिड लाग्नुका साथै उक्त अवसरमा यस मन्दिरमा भव्य भजनकृतन गरि श्रीकृष्ण भगवानको शोभा रथ निकाल्ने चलन रही आएको छ ।

सम्पर्क व्यक्ति वा संस्था: मन्दिर व्यवस्थापन समिति सचिव,
निमबहादुर शाह ९८४८०४११९४

भौतिक अवस्था: जमिन १३ कठ्ठा, धर्मशाला, राधा कृष्णको मुर्ती र मन्दिर रहेका छन् ।

सडकको अवस्था: ग्राभेल सडक ।

अनुमानित समय: मंगलगढीबाट ३ कि.मि. दुरीमा रहेको, गाडीमा १० मिनेट ।

अवलोकन गर्न लाग्ने समय: १५ मिनेट ।

विशेष दिन र समय: दैनिकजसो ।

सञ्चालन हुने गतिविधि: पुजा आरधाना, धर्म ग्रन्थ बाचन ।

## निकास खोला, वीरेन्द्रनगर नगरपालिका वडा नं. ९ सुर्खेत



सुर्खेत उपत्यकाको पानी बाहिरिने एकमात्र निकास, एक ऐतिहासिक महत्व बोकेको निकास खोला सुर्खेत उपत्यकाको दक्षिण भाग वडा नं. ९ मा रहेको छ । मंगलगढी चोकबाट करिब ८.८ किलोमिटर दक्षिणमा रहेको निकास खोलाबाट सुर्खेत उपत्यकाको पानी भेरी नदीमा समाहित हुन पुग्दछ ।

परापूर्व कालमा सुर्खेत उपत्यकाको पानी बाहिर जाने निकास नभएको र धेरै पहिले शुर देवताले आफ्नो खड्गले काटेर पहाड फोडेको किम्बदन्ती रहेको छ । त्यस पश्चात सुर्खेत उपत्यकाको पानी विस्तारै भेरी नदीमा खसेपछि सुर्खेत उपत्यकामा बसोबास हुन थालेको कथन रहेको छ । निकास खोलासम्म पुग्न मंगलगढी चोकबाट सवारी साधनमा करिव २५ मिनेट लाग्दछ भने ग्राभेल सडक रहेको छ ।

सम्पर्क व्यक्ति वा संस्था: वडा अध्यक्ष सुरेश मानन्धर ९८५८०५०३७९, वडा कार्यालयको समेत ।
दर्ता विवरण: वडा नं. ९ को वडा कार्यालय मातहत रहेको ।
भौतिक अवस्था: वारी पारी पहाड र बीचमा घाट परेको निकास खोला ।
सडकको अवस्था: ग्राभेल सडक ।
अनुमानित समय: मंगलगढीबाट ८ कि.मि. दुरीमा रहेको, गाडीमा २५ मिनेट ।
अवलोकन गर्न लाग्ने समय: ३० मिनेट ।
विशेष दिन र समय: दैनिकजसो ।
सञ्चालन हुने गतिविधि: अवलोकन, घुमघाम ।

## रहरपुर शिवालय, वीरेन्द्रनगर नगरपालिका वडा नं. १० सुर्खेत



रहरपुर शिवालयमा देवताका पनि देवता महादेवको पुजा आरधाना गरिन्छ । भगवान शिवलाई खुशी पार्न सके आफ्नो धन दौलतमा वृद्धि हुने र सुख शान्ति प्राप्त हुने विश्वास गरिन्छ । स्थानीय वासीहरुको सहयोग तथा संरक्षणमा स्थापित शिवालयको विधिवत् दर्ता नभएपनि स्थानीय रुपमा त्यसको संरक्षण र प्रर्वद्धन भैरहेको छ ।

मंगलगढी चोकबाट करिव ७ किलोमिटरको दुरीमा रहेको रहरपुर शिवालयसम्म कच्ची सडक रहेको छ भने सवारी साधनमा करिव २० मिनेटमा पुग्न सकिन्छ । ४ कठ्ठा क्षेत्रफल रहेको रहरपुर शिवालयमा एउटा मन्दिर र शिवलिङ्ग तथा शिवका मुर्तीहरु स्थापना भएका छन् । मन्दिरमा पुजा आराधाना, विवाह, ब्रतबन्ध जस्ता क्रियाकलाप सञ्चालन हुने गरेका छन् । शिवरात्रीको दिन हजारौंको संख्यामा स्थानीय वासीहरु उपस्थित हुने र भगवान शिवको पुजाआजा गरि दुध चडाउने र मेला लगाउने कार्य गरिन्छ ।

सम्पर्क व्यक्ति वा संस्था: अध्यक्ष धनबहादुर मल्ल ९८०२५४८२१५
भौतिक अवस्था: ४ कठ्ठा जग्गा, मन्दिर, शिवलिङ्ग र शिवको मुर्ति ।
सडकको अवस्था: ग्राभेल सडक ।
अनुमानित समय: मंगलगढीबाट ७ कि.मि. दुरीमा रहेको, गाडीमा ३० मिनेट ।
अवलोकन गर्न लाग्ने समय: ३० मिनेट ।
विशेष दिन र समय: दैनिक रुपमा पुजाआजा, शिवरात्रीमा विशेष मेला सञ्चालन ।
सञ्चालन हुने गतिविधि: पुजा आराधाना, दर्शन ।

## मदरसा मस्जिद, वीरेन्द्रनगर नगरपालिका वडा नं. १० सुर्खेत



*अलाह (ईश्वर) एक हुनुहुन्छ । उहाँ शक्तिमान हुनुहुन्छ । अलाहको आज्ञा सबैले मान्नुपर्छ । अलाह बाहेक अरु कुनै देवता छैनन् र मुहम्मद उहाँको पैगम्बर हुनुहुन्छ । मूर्ती पुजा गर्नु हुँदैन, ईश्वरको प्रार्थना गर्नु, दान दिनु, अतिथि सत्कार गर्नु, धर्म रक्षा गर्नु मुसलमानहरुको कर्तव्य हो ।* यी उपदेशहरु पालना गर्दै आएका सुर्खेतको एक पुरानो मुस्लिम समुदायद्धारा अनौपचारिक रुपमा २०२६ सालमा स्थापना भएको हो मदरसा मस्जिद । यस मस्जिदमा हरेक दिन विहान बेलुका नवाज पाठ हुनुका साथै हरेक शुक्रबार जुमा नवाज पढ्न सुर्खेतका विभिन्न स्थानमा रहेका मुस्लिमहरु आउने गर्दछन् ।

करिव २ कठ्ठा ४ धुर क्षेत्रफलमा रहेको यस मस्जिदमा माध्यमिक तहसम्म अध्यापन हुने गर्दछ । उक्त विद्यालयमा उर्दु, अरबी, जिनियाद जस्ता विषयहरु पढाई हुने गर्दछ । जिल्ला शिक्षा कार्यालय सुर्खेतमा वि.सं. २०६३ सालमा विधिवत रुपमा दर्ता भई नियमित रुपमा सञ्चालनमा आएको यस मस्जिद सुर्खेत जिल्लाका मुस्लिम समुदायको धार्मिक स्थलका रुपमा परिचित रहेको छ । मस्जिदमा विशेषगरि मुस्लिम समुदायको चाडपर्व जस्तै इद, बकरइद जस्ता पर्वमा विशेष मेला लाग्ने र पुजा आराधाना साथै प्रार्थना गर्ने चलन रहेको छ ।

सम्पर्क व्यक्ति वा संस्था: अहमद रज्जा, पुर्व अध्यक्ष ९७४८०११४७०

दर्ता विवरण: तत्कालिन जिल्ला शिक्षा कार्यालय, सर्खेतमा वि.सं. २०६३ सालमा दर्ता भएको छ ।

भौतिक अवस्था: २ कठ्ठा ४ धुर जग्गा, मस्जिद, विद्यालयको भवन ।

सडकको अवस्था: ग्राभेल सडक ।

अनुमानित समय: मंगलगढीबाट ४.५ कि.मि. दुरीमा रहेको गाडीमा २० मिनेट ।

अवलोकन गर्न लाग्ने समय: १५ मिनेट ।

विशेष दिन र समय: मुस्लिम समुदायको चाडपर्वहरु ।

सञ्चालन हुने गतिविधि: प्रार्थना, अध्ययन अध्यापन ।

## बेथेल चर्च, वीरेन्द्रनगर नगरपालिका वडा नं. १० सुर्खेत






*परमेश्वर एक हुनुहुन्छ, परमेश्वर सबैका पिता हुनुहुन्छ । परमेश्वरको इच्छालाई सबैले स्वीकार गर्नुपर्छ । प्राणी माथि दया करुणाको भाव राख्नुपर्छ । अरुको दुख र शोकमा सहभागी बन्नुपर्छ । आफु जहाँ रह्यो त्यहाँका सबैसँग भातृभावले रहनुपर्छ ।* यस्तै वचनलाई पालना गर्न स्थापित बेथेल चर्च खजुरा टोलमा अवस्थित रहेको छ मंगलगढी चोकबाट करिव एक कि.मि. पूर्वमा रहेको चर्चमा सवारी साधनको प्रयोग गरि ५ मिनेटमा पुग्न सकिन्छ ।

जातीय भेदभाव गर्नुहुँदैन, मानिसहरु सबै समान हुन्छन् भन्ने मान्यताका साथ यशुको आराधना गर्ने कार्य गरिन्छ । चर्चको आफ्नै ४ कठ्ठा जमिन रहेको छ भने करिव १०० फिट लम्बाई भएको सभाहल समेत रहेको छ । यस चर्चमा समय समयमा जागृति कार्यक्रम हुनुका साथै जिल्ला भरिका क्रिश्चियनहरु भेला भई क्रिसमस डे मा विशेष कार्यक्रम गरि मनाउने गरिन्छ ।

यसका अलावा वीरेन्द्रनगर क्षेत्रमा धेरै चर्चहरु रहेका छन् ।
सम्पर्क व्यक्ति वा संस्था: पदम गैरे, प्रमुख, ९८५८०५०४२१
दर्ता विवरण: क्रिश्चियन महासंघमा २०६२ सालमा दर्ता भएको ।
भौतिक अवस्था: १०० फिट लामो हल र ४ कठ्ठा जग्गा ।
सडकको अवस्था: पक्की सडक ।
अनुमानित समय: मंगलगढी चोकबाट २ कि.मि. दुरीमा रहेको, गाडीमा ५ मिनेट ।
अवलोकन गर्न लाग्ने समय: १५ मिनेट ।
विशेष दिन र समय: हरेक शनिबार र विशेष क्रिसमस डे ।
सञ्चालन हुने गतिविधि: परमेश्वर यशुको आरधाना ।

## रामजानकी मन्दिर, वीरेन्द्रनगर नगरपालिका वडा नं. ११ सुर्खेत



बौद्धिक सनातन धर्म पिण्डेश्वर महादेव धार्मिक संस्था मार्फत सञ्चालित रामजानकी राम मन्दिर वीरेन्द्रनगर ११ गाग्रेतालमा रहेको छ । सुर्खेत उपत्यकामा वस्ती विकास हुनुपूर्व बाघको डरले स्थापना भएको मानिन्छ । बाघको पुजाआजा गरेपछि बाघले केही नगर्ने विश्वास रहेकोले बाघको पुजा गर्ने प्रयोजनको लागि स्थापना गरिएको र विस्तारै रामजानकी मन्दिरको रुपमा विकास भएको देखिन्छ ।

वि.सं. २०५० सालमा स्थापना भएको रामजानकी मन्दिरको नाममा करिव २ बिघाह जमिन रहेको छ भने व्यवस्थित कम्पाउण्ड सहितको मन्दिर, शौचालय र मुर्तीहरु स्थापना भएका छन् । मंगलगढी चोकबाट करिव ५ किलोमिटर पूर्वमा रहेको रामजानकी मन्दिरमा सवारी साधनको प्रयोग गरि १० मिनेटमा पुग्न सकिन्छ । मन्दिरमा नियमित रुपमा कालिका र रामजानकीको पुजाआजा गर्ने गरिन्छ ।

सम्पर्क व्यक्ति वा संस्था: स्थानीय वन समिति अध्यक्ष ९८४८०३८८९१
भौतिक अवस्था: २ बिगाह जग्गा, मन्दिर, मुर्तिहरु, शौचालय र कम्पाउण्डीङ ।
सडकको अवस्था: ग्राभेल सडक ।
अनुमानित समय: मंगलगढी चोकबाट ४ कि.मि. दुरीमा रहेको, गाडीमा १० मिनेट ।
अवलोकन गर्न लाग्ने समय: १५ मिनेट ।
विशेष दिन र समय: दैनिकजसो पुजाआजा, रामनवमी ।
सञ्चालन हुने गतिविधि: कालिका, रामजानकी पुजा आजा ।

## श्वेत बराह मन्दिर, वीरेन्द्रनगर नगरपालिका वडा नं. १२, सुर्खेत




वि.सं. २०५९ सालमा बराह भगवानको पुजा आजा गर्नेगरी स्थापना भएको श्वत बराह मन्दिर वीरेन्द्रनगर १२ नेवारेमा रहेको छ । वि.सं. २०६७ सालमा जिल्ला प्रशासन कार्यालय सुर्खेतमा विधिवत रुपमा धार्मिक संस्थाको रुपमा दर्ता भई नियमित रुपमा पुजाआजा तथा भजनकिर्तन सम्बन्धी क्रियाकलापहरु सञ्चालन हुँदै आएको छ ।

श्वत बराह मन्दिरमा भजनकिर्तन, धर्म ग्रन्थ बाचन जस्ता क्रियाकलाप सञ्चालन हुनुका साथै नियमित रुपमा पुजा आराधना गर्ने गरिन्छ । स्वच्छ मनले बराह भगवानको प्रार्थना गरेमा सुख, शान्ति र समृद्धि प्राप्त हुने दर्शनार्थीको विश्वास रहिआएको छ । १० धुर ऐलानी जग्गामा निर्मित २ तले पक्की मन्दिरमा भगवानका मुर्तीहरु स्थापना गरिएको छ ।

सम्पर्क व्यक्ति वा संस्था: मन्दिर पुजारी लोक प्रसाद सुवेदी ९८६४९४३३८०
दर्ता विवरण: वि.सं. २०६७ सालमा जिल्ला प्रशासन कार्यालय सुर्खेतमा दर्ता भएको ।
भौतिक अवस्था: ऐलानी १० धुर जग्गा, मन्दिर, मुर्तिहरु, २ तले पक्की भवन, शौचालय ।
सडकको अवस्था: पुगेको ।
अनुमानित समय: मंगलगढीबाट ३.५ कि.मि. दुरीमा रहेको, गाडीमा ८ मिनेट
अवलोकन गर्न लाग्ने समय: १५ मिनेट ।
विशेष दिन र समय: दैनिकजसो ।
सञ्चालन हुने गतिविधि: बराह भगवानको पुजाआजा, भजनकिर्तन, धर्म ग्रन्थ बाचन ।

## शिव मन्दिर, वीरेन्द्रनगर नगरपालिका वडा नं. १३ सुर्खेत



वि.सं. २०६८ सालमा सडक बनाउने क्रममा डोजरले खन्दा शिवलिङ्ग भेटिए पश्चात शिव मन्दिर वी.न.न.पा. १३ को स्थापना भयो । त्यस समय पश्चात मन्दिरको स्थापना गरि नियमित रुपमा भगवान शिवको पुजा अर्चना भैरहेको छ । मन्दिरमा शिवलिङ्ग, शिवमुर्ति र बाघको मुर्ति रहेका छन् ।

स्थानीयहरुले नियमित रुपमा शिवको पुजा आरधाना गर्ने, धुप तथा नैवद्य चढाउने, दुध चढाउने आरधना गर्ने गरिन्छ । मंगलगढी चोकबाट करिव ६ किलोमिटरको दुरीमा रहेको शिव मन्दिरसम्म पुग्न  गाडीमा २० मिनेट लाग्दछ ।

सम्पर्क व्यक्ति वा संस्था: उमानन्द पंगाली, अध्यक्ष, ९८६८०८५०५०
दर्ता विवरण: जिल्ला प्रशासन कार्यालय सुर्खेतमा २०७४ सालमा दर्ता भएको ।
भौतिक अवस्था: शिवलिंग, शिवमुर्ति, बाघको मुर्ति रहेको ।
सडकको अवस्था: ग्राभेल सडक ।
अनुमानित समय: मंगलगढी चोकबाट ६ कि.मि. दुरीमा रहेको, गाडीमा २० मिनेट ।
अवलोकन गर्न लाग्ने समय: १५ मिनेट ।
विशेष दिन र समय: दैनिकजसो । (विशेष शिवरात्री)
सञ्चालन हुने गतिविधि: भजनकिर्तन, भगवान शिवको पुजाआजा ।

## रानीघाट, वीरेन्द्रनगर नगरपालिका वडा नं. २ सुर्खेत





भेरी नदिको किनारमा रहेको सुर्खेतको रानीघाट मंगलगढी चोकबाट करिब १६ कि.मि. पश्चिममा रहेको छ । करिव १० कि.मि. पक्की पिच सडक र बाँकी भाग ग्राभेल सडकको यात्रा गरि करिब २५ मिनेटमा रानीघाट पुग्न सकिन्छ । यस तिर्थस्थलको नाम रानीघाट रहनुमा शहीद दशरथ चन्दकी आमा रानी जगदम्बा देवीलाई सद्गत गरेको ठाउँ भएको हुँदा उनैको सम्झनामा यसको नाम रानीघाट रहन गएको हो ।

यस स्थानमा धेरै ऋषिमुनीहरुले तपस्या गरेको, गौतम बुद्धले समेत यस पुण्य भुमीमा पाइला राखेको जस्ता किम्बदंतीहरु रहेका छन् । रानीघाट यस क्षेत्रकै पवित्र आर्यघाटको रुपमा समेत परिचित रहेको छ । हाल रानीघाटमा मन्दिरहरुको पुर्ननिर्माण गरिएको छ । मन्दिरमा विभिन्न देवी देवताका मुर्तीहरु स्थापना गरिएको छ । वीरेन्द्रनगर नगरपालिकाले यस क्षेत्रलाई पवित्र गौशालाको रुपमा विकास गरिरहेको छ । पर्यटकीय दृष्टिकोणले समेत यस स्थान अत्यन्तै महत्वपुर्ण मानिन्छ । अत्यन्त सुन्दर घाट परेको, हेरी रहुँ झैं लाग्ने पाखा पहरा लहरा वृक्ष र जंगल रहेको, हजारौं चराचुरुङ्गी तथा जीवजन्तुहरु यहाँ आई जलपान र नुहाएको दृश्य, ठुला साना माछाहरु डुबुल्की मारेको दृश्यावलोकन गर्दा साँच्चीकै अपरिमय आनन्दको महशुस हुन्छ । यस स्थान नजिक सुर्खेतको भेरी पुलबाट सुरु भएको न्याफ्टिङको अवतरण गर्ने स्थान समेत रहेको छ । यस ऐतिहासिक स्थलमा सत्य युगदेखि माघी, शिवरात्री मेला, यज्ञ यज्ञादी, सप्ताह यज्ञ, महायज्ञ जस्ता क्रियाकलापहरु सञ्चालन हुँदै आएका छन् ।

सम्पर्क व्यक्ति वा संस्था: वीरेन्द्रनगर वडा नं. २ वडा अध्यक्ष श्री बल बहादुर रोकाय
दर्ता विवरण: वीरेन्द्रनगर नगरपालिका मातहत रहेको ।
भौतिक अवस्था: गौशाला, मन्दिर, मुर्तीहरु, सुन्दर घाट, भेरी नदी ।
सडकको अवस्था: पक्की पिच, ग्राभेल र कच्ची सडक ।
अनुमानित समय: मंगलगढीबाट १६ कि.मि. दुरीमा रहेको, गाडीमा २५ मिनेट ।
अवलोकन गर्न लाग्ने समय: १ घण्टा ।
विशेष दिन र समय: दैनिकजसो ।
सञ्चालन हुने गतिविधि: महायज्ञ, स्नानदान गर्ने, गौमाताको सुरक्षा गर्ने, अध्ययन अवलोकन ।

## अँधेरी गुफा, वीरेन्द्रनगर नगरपालिका वडा नं. ९ सुर्खेत





मंगलगढी चोकबाट करिव ८ कि.मि. दक्षिणमा रहेको अँधेरी गुफा वी.न.न.पा. ९ मा रहेको छ । परापुर्व काल देखि नै अस्तित्वमा रहेको यस गुफाको दुरी पत्ता लागेको छैन । करिब एक सय बर्ष अघि गोठालाहरुले पत्ता लगाएका यस गुफामा हालसम्म मानिसहरु ७० मिटर भित्र सम्म पुगेका छन् भने यकिन दुरी पत्ता लागेको छैन । आन्तरिक तथा बाह्रय पर्यटकहरु फोटो खिच्न, भिडियो बनाउन तथा मनोरञ्जनका लागि गुफामा पुग्ने गर्छन् । पछिल्लो समय सामाजिक सञ्जाल टिकटकको लागि भिडियो बनाउन आन्तरिक पर्यटकहरु गुफामा पुग्ने गर्छन् ।

सम्पर्क व्यक्ति वा संस्था: वडा अध्यक्ष सुरेश माननन्धर ९८५८०५०३७९
दर्ता विवरण: वडा कार्यालय मातहत रहेको ।
भौतिक अवस्था: जंगलमा गुफा रहेको छ । परापुर्व कालमा गुफा बनेको । गुफाको दुरी पत्ता लाग्न सकेको छैन ।
सडकको अवस्था: पक्की पिच, ग्राभेल सडक र पैदल यात्रा समेत ।
अनुमानित समय: मंगलगढी चोकबाट करिब ८ कि.मि.को दुरीमा रहेको, गाडीमा पुग्न २० मिनेट ।
अवलोकन गर्न लाग्ने समय: १ घण्टा ।
विशेष दिन र समय: नियमितजसो र विशेष गरी शनिवार र सार्वजानिक विदाका दिनहरुमा गुफामा पुग्नेहरुको घुँइचो लाग्ने गर्छ ।
सञ्चालन हुने गतिविधि: नियमित भ्रमण, घुमघाम र मनोरञ्जन ।

## कालिका देवी मन्दिर, वीरेन्द्रनगर नगरपालिका वडा नं. १६ सुर्खेत



सुर्खेत जिल्लाको साविक गर्पन गाविस हाल वीरेन्द्रनगर वडा नं. १६ मा कालिका देवीको मन्दिर रहेको छ । यस कालिका देवी मन्दिर यस क्षेत्रको धार्मिक तथा पर्यटकिय महत्व बोकेको मन्दिर हो । मंगलगढीबाट १५ कि.मि. दुरीमा रहेको यस मन्दिरसम्म पुग्नका लागि गाडीमा करिब १ घण्टा लाग्दछ । मन्दिरसम्म पुग्नका लागि पक्की पिच सडक, ग्राभेल सडक र कच्ची सडक हुँदै जानुपर्ने हुन्छ ।

सुर्खेत उपत्यकाबाट उत्तरतर्फको क्षेत्रमा रहेको यस मन्दिरसम्म पुग्न छिचोल्नुपर्ने सडक खण्डमा विभिन्न प्राकृतिक विविधताको सुन्दरता समेत देख्न सकिन्छ । यस क्षेत्रको हावापानी शितल र चिसो हुने हुँदा यस क्षेत्रमा गुराँस, काफल, टिमुर जस्ता बोटविरुवा तथा अन्य पहाडी क्षेत्रमा उत्पादन हुने जडिबुटिहरु समेत पाइन्छन् ।

यस कालिका देवी मन्दिरमा स्थानीय वासीहरु विशेष गरि चैते दशैं र विजया दशमीमा जम्मा भेला भई कालिका देवीको पुजाआर धाना गर्ने गर्दछन् ।

सम्पर्क व्यक्ति वा संस्था: वडा अध्यक्ष पुर्णबहादुर ढकाल ९८६८२२६५१९

दर्ता विवरण: वीरेन्द्रनगर वडा नं. १६ मातहत

भौतिक अवस्था: मन्दिर आसपास ऐलानी जग्गा ५ रोपनी भन्दा बढि रहेपनि मन्दिर क्षेत्रमा करिब ३ रोपनी जमिन तारबार गरिएको छ । मन्दिरमा मुर्तिहरु रहेका छन् । पुजा स्थल पनि रहेको छ ।

सडकको अवस्था: पक्की पिच सडक, ग्राभेल र कच्ची सडक

अनुमानित समय: मंगलगढीबाट १५ कि.मि. दुरीमा रहेको, गाडीमा करिब १ घण्टा

अवलोकन गर्न लाग्ने समय: ३० मिनेट ।

विशेष दिन र समय: चैते दशैं र विजया दशमी

सञ्चालन हुने गतिविधि: पुजाआजा ।

## बौद्धगुम्बा, वीरेन्द्रनगर नगरपालिका वडा नं. १३ सुर्खेत



यो गुम्बा सुर्खेत दैलेख सडक खण्डको रातानाङ्लामा पर्दछ । मंगलगढी चोकबा करिब २२ कि.मि. दुरीमा रहेको यस गुम्बासम्म पुग्न पक्की पिच सडक मार्फत गाडीमा पुग्न करिब ५० मिनेट लाग्दछ ।

यस गुम्बाको नाम चिल्ले चाक्तेलिङ्ग बौद्ध गुम्बा नामाकरण गरिएको छ । यो गुम्बा विशेषगरि बौद्ध धर्मावलम्बीहरुको प्रमुख तिर्थस्थलको रुपमा रहेको छ । यस बौद्धगुम्बा पाँच रोपनी तेह्र आना क्षेत्रफल जग्गामा फैलिएको छ । यहाँ एउटा गुम्बा, बुद्धको मुर्ती र अन्य पाँचवटा मुर्तीहरु स्थापना गरिएका छन् । वि.सं. २०३५ सालमा स्थापना भएको यो बौद्धगुम्बा वि.सं. २०७३ सालमा जिल्ला प्रशासन कार्यालय सुर्खेतमा दर्ता भएको छ । यस गुम्बासम्म पुग्न सुर्खेत दैलेख सडक खण्ड हुँदै जानुपर्ने भएको हुँदा बीचमा बयलकाँडा गढी किल्ला र सिद्धपाइलाको समेत भ्रमण गर्न सकिन्छ । यसका अलावा प्राकृतिक विविधताले भरीएको वनजङ्गलको समेत दृश्यावलोकन गर्न सकिन्छ ।

सम्पर्क व्यक्ति वा संस्था: हरिलाल रोकाय, अध्यक्ष, ९८४८०४८१९७
दर्ता विवरण: जिल्ला प्रशासन कार्यालय सुर्खेत ।
भौतिक अवस्था: पाँच रोपनी तेह्र आना जमिन, एउटा गुम्बा, बुद्धको मुर्ती र अन्य पाँचवटा मुर्ती
सडकको अवस्था: पक्की पिच सडक
अनुमानित समय: मंगलगढीबाट २२ कि.मि. दुरीमा रहेको, गाडीमा करिब १ घण्टा
अवलोकन गर्न लाग्ने समय: ३० मिनेट ।
विशेष दिन र समय: दैनिकजसो ।
सञ्चालन हुने गतिविधि: पुजाआजा ।

## कपिलेश्वर शिव मन्दिर वीरेन्द्रनगर नगरपालिका वडा नं. ७ सुर्खेत




सुर्खेत जिल्लाको वी.न.न.पा. वडा नं. ७ को शिवालय चोक नजिकै रहेको कपिलेश्वर शिव मन्दिर १९८९ मा स्थापना भएको हो । सुर्खेत उपत्यकामा औलोको कारण तत्कालिन समयमा कटकुवामा बसोबास रहने समयमा कटकुवामा नै स्थापना गरिएको र पछि औंलो उन्मुलन पश्चात सुर्खेत उपत्यकामा वस्ती विकास भएसँगै मन्दिर पनि स्थानान्तरण भएको हो । मंगलगढीबाट उत्तरतर्फ करिव २ कि.मि. पक्की पिच बाटो गाडीमा करिब ७ मिनेटको यात्रा गरे पश्चात यस शिव मन्दिर मा पुग्न सकिन्छ ।

यस कपिलेश्वर शिव मन्दिरमा स्थानीय वासीहरुद्धारा दैनिक रुपमा पुजा आरधाना गर्ने गरि न्छ । मन्दिरमा शिव पाञ्चाङ्ग (शिवलिङ्ग, विष्णु, सुर्य, देवी, गणेश) को मुर्तीहरु रहेका छन् । यसका साथै मन्दिरको ढोकामा काल भैरवको काठको मुर्ती, नन्दीको मुर्ती समेत रहेका छन् । मन्दिरमा दैनिक जसो पुजा आरधाना, भजन कृतन तथा सत्सँङ्ग हुने गर्दछन् । मन्दिरसँगै १२ धुर जग्गामा सत्सँङ्ग भवन रहेको छ भने वी.न.न.पा. वडा नं. १० मा मन्दिरको नाममा साढे सात कठ्ठा गुठी जग्गा रहेको छ ।

सम्पर्क व्यक्ति वा संस्था: मन्दिर व्यवस्थापन सचिव सुकदेव पौडेल (९८४८०३९६२०)
दर्ता विवरण: वी.न.न.पा. वडा नं. ७ मातहत
भौतिक अवस्था: शिव पञ्चाङ्गको मुर्ती, नन्दी र कालभैरवको मुर्ती, मन्दिर, सत्सँग भवन, ८ कठ्ठा जग्गा
सडकको अवस्था: पक्की पिच सडक
अनुमानित समय: मंगलगढीबाट २ कि.मि. दुरीमा रहेको, गाडीमा करिब ७ मिनेट
अवलोकन गर्न लाग्ने समय: ३० मिनेट ।
विशेष दिन र समय: दैनिक रुपमा, शिवरात्री, श्रावण महिना, अक्षय तृतिया, बाला चतुर्दशी
सञ्चालन हुने गतिविधि: पुजाआजा, भजनकृतन, सत्सङ्ग ।

## रतु देवीस्थान मन्दिर, वीरेन्द्रनगर नगरपालिका वडा नं. १५ सुर्खेत



सुर्खेत जिल्लाको साविक रतु गाविस हाल वीरेन्द्रनगर नगरपालिका वडा नं. १५ मा कालिका देवीस्थानको मन्दिर रहेको छ । यो रतु देवीस्थान कालिकाको मन्दिर यस क्षेत्रको प्रमुख धार्मिक तथा पर्यटकिय गन्तव्य हो । मंगलगढी चोकबाट करिब २० किमि दुरीमा रहेको यस मन्दिरसम्म पुग्नका लागि गाडीमा करिब १ घण्टा लाग्दछ । मन्दिरसम्मको यात्राका लागि केहि भाग पक्की पिच सडक, केहि भाग ग्राभेल सडक र केहि भाग कच्ची सडकको यात्रा गरे पश्चात यस मन्दिरसम्म पुग्न सकिन्छ ।

यस देवीस्थान कालिका मन्दिर पहिले ढुङ्गाको छाना भएको ऐतिहासिक पुरातात्विक सम्पदाको रुपमा रहेको थियो । चट्याङले पुरानो मन्दिर भत्किएपछि हाल मन्दिरको पुर्ननिर्माण भएको छ । यस मन्दिरमा बडा दशैंको अष्टमीको दिन र चैते अष्टमीमा पाठा तथा राँगाको बली दिई देवी कालिकालाई खुशि बनाउने प्रचलन रहेको छ । यस मन्दिरसम्म पुग्ने क्रममा लामो समय जङ्गलको यात्रा गर्नुपर्ने भएको हुँदा प्राकृतिक विविधताको दृश्यावलोकन गर्ने अवसर समेत प्राप्त हुन्छ । मौसम अनुसार लालिगुराँस, काफल, ऐँसेलु, टिमुर जस्ता बोटविरुवाहरु फुलिरहेको र फलिरहेको देख्न सकिन्छ । चिसो हावापानी र शितल शान्त ठाउँ भएकाले सुर्खेत उपत्यकाबाट समेत यस क्षेत्रमा आन्तरिक पर्यटकहरुको गन्तव्य समेत बनेको छ ।

सम्पर्क व्यक्ति वा संस्था: कृष्ण थापा ९८४८०७५७२७
दर्ता विवरण: वीरेन्द्रनगर वडा नं. १५ मातहत
भौतिक अवस्था: कालिका देवीको मन्दिर
सडकको अवस्था: पक्की पिच, ग्राभेल र कच्ची सडक
अनुमानित समय: मंगलगढीबाट २० कि.मि. दुरीमा रहेको, गाडीमा करिब १ घण्टा
अवलोकन गर्न लाग्ने समय: ३० मिनेट ।
विशेष दिन र समय: बडा दशैंको अष्टमीको दिन र चैते अष्टमी
सञ्चालन हुने गतिविधि: पुजाआजा ।


## वर्तमान कार्यपालिकाको विवरण तथा थप जानकारीकालागी

| नाम | पद | वडा नं. | सम्पर्क नम्बर |
|---|---|---|---|
| देव कुमार सुवेदी | नगर प्रमुख | | ९८५८०६२००३ |
| मोहनमाया भण्डारी (ढकाल) | उप- प्रमुख | | ९८५८०६२००४ |
| गंगाराम सुनार | वडा अध्यक्ष | वार्ड नं. १ | ९८५८०५१३२९ |
| बल बहादुर रोकाय | वडा अध्यक्ष | वडा नं. २ | ९८४८०३८८०५ |
| भुपेन्द्र खत्री | वडा अध्यक्ष | वडा नं. ३ | ९८५८०५११८४ |
| निलकण्ठ खनाल | वडा अध्यक्ष | वडा नं. ४ | ९८४८०२९१०५ |
| राज बहादुर गुरुगं | वडा अध्यक्ष | वडा नं. ५ | ९८४८०४९६९२ |
| मोती प्रसाद कडेल | वडा अध्यक्ष | वडा नं. ६ | ९८५८०५२७८२ |
| ध्रुव कुमार चपाई | वडा अध्यक्ष | वडा नं. ७ | ९८४८०२२२१५ |
| थम्मप्रसाद गौतम | वडा अध्यक्ष | वडा नं. ८ | ९८४८११९६८४ |
| सुरेश मान्नधर | वडा अध्यक्ष | वडा नं. ९ | ९८५८०५०३७९ |
| रत्न बहादुर बुढा | वडा अध्यक्ष | वडा नं. १० | ९८४८२०८२६४ |
| नन्दलाल शर्मा | वडा अध्यक्ष | वडा नं. ११ | ९८४८०४७८३२ |
| लोक प्रसाद चालीसे | वडा अध्यक्ष | वडा नं. १२ | ९८४८०४१६३६ |
| भुपेन्द्र बहादुर दर्लामी | वडा अध्यक्ष | वडा नं. १३ | ९८६८९३२५८८ |
| टोप बहादुर दर्लामी | वडा अध्यक्ष | वडा नं. १४ | ९८५८०५१०१९ |
| पुन बहादुर पुलामी | वडा अध्यक्ष | वडा नं. १५ | ९७४८०३०१९६ |
| पुर्णबहादुर ढकाल | वडा अध्यक्ष | वडा नं. १६ | ९८६८२२६५१९ |
| राजु गुइदेल | कार्यपालिका सदस्य | | ९८६८११९६७७ |
| डण्ड वि.क | कार्यपालिका सदस्य | | ९८४८१२२५०८ |
| विष्णु वादी | कार्यपालिका सदस्य | | ९८४८०७८१३१ |
| यामुना नेपाली | कार्यपालिका सदस्य | | ९८४८१९२३४२ |
| टिका कुमारी गुरुगं | कार्यपालिका सदस्य | | ९८४८०४१४७२ |
| शान्ता खड्का | कार्यपालिका सदस्य | | ९८४८१६५६१७ |
| सरीता चौधरी | कार्यपालिका सदस्य | | ९८६७२७६७४८ |
| लक्ष्मी कुमारी वि.क. | कार्यपालिका सदस्य | | ९८४८११८३६१ |
| टीकाराम ढकाल | प्रमुख प्रशासकीय अधिकृत | | ९८५८०६३१११ |
| प्रकाश पौडेल | वरिष्ठ अधिकृत | | ९८५८०५२७९८ |




सर्वाधिकार :
वीरेन्द्रनगर नगरपालिका सुर्खेत

सूचना सामग्री संकलन, सम्पादन :
कर्णाली मिडिया सेन्टर नेपाल प्रा. लि.


दैलेख
लेखगाँउ गाविस
१४
१५
१३
१६
१
४
५
७
१२
पाम्का
६
८
२
३
साटाखानी
हरिहरपुर
११
१०
९